पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : २५ | २०७२ माघ २२ गते शुक्रबार (Feb 5 , 2016) | मूल्य रू. १०/-

## सबैभन्दा बढी ढाँट नेता दाहाल

काठमाडौं । भारतले लगाएको अघोषित नाकाबन्दीपछि एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालको बोली प्रत्येक दिन फेरिने गरेको छ । केही समय पहिलासम्म उनले केही दिनभित्रैमा अघोषित नाकाबन्दी खुल्ने दाबी गर्दै आएका भएपनि अहिले उनी प्रधानमन्त्रीको भारत भ्रमण अघि नाकाबन्दी नखुल्ने उद्घोष गर्न थालेका हुनाले दाहालको बोलीमा विश्वास नभएको महसुस हुन थालेको छ ।

अध्यक्ष दाहालले अहिले मुलुकमा देखिएका समस्याहरुको समाधान गर्न नेपाली कांग्रेससहितको राष्ट्रिय सहमतिको सरकार आवश्यक भएको बताउन थालेका छन् । कांग्रेसको महाधिवेशन समाप्त भएपछि अहिलेकै प्रधानमन्त्री केपी ओलीकै नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बन्न (बाँकी अन्तिम पेजमा)

# सुमार्गीलाई ११ अर्व पठाउने कुन आतंककारी ?

काठमाडौं । युवराज खतिवडा गभर्नर भएका बेलामा ३ अर्व आएको थियो, प्रचण्डको विशेष आदेश र एमालेको मिलिभगतमा भागबण्डा गरेर खाए । त्यो रकम कुन उद्योगका लागि आएको हो, त्यसको स्रोत के थियो खोजविन नै गरिएन । ठूला दलले मिलेपछि जे पनि चपरीमुनी पुरिने रहेछ । अहिले फेरि अजय सुमार्गीकै



नाममा ११ अर्व स्रोत नखुलेको रकम इन्भेष्टमेन्ट बैंकमा आएको छ ।

स्रोत भन्छ, यो रकम अजय सुमार्गीको उद्योगमा लगानीका लागि ऋण आएको हो । ऋण दिने निकाय साइप्रस र ब्रिटिस भर्जिन आइल्याण्ड हुन् । पहिले पनि यिनै निकायले पैसा पठाएका थिए । आजसम्म त्यो लगानी कहाँ भयो, कतिले रोजगारी पाए, उत्पादन के भयो सरकारले खोजविन नै गरेको छैन । अहिले आएको रकम पनि त्यस्तै स्रोत नखुलेको रकम हो । यो रकमबारे प्रधानमन्त्री केपी ओली, अर्थमन्त्री विष्णु पौडेल र गभर्नरवीच तीनपटक वार्ता भइसकेको छ । गभर्नरले अहिलेसम्म त्यो रकम रोकेका छन्, नेपाली कांग्रेस (बाँकी अन्तिम पेजमा)

## सहकारीले मेडिकल कलेज चलाउने ?

काठमाडौं । मनमोहन मेडिकल कलेजलाई धादिङको सहकारीले सीतापाइलामा सञ्चालन गर्न प्रतिष्ठान विधेयक तैयार गरेर संसदमा पुर्‍याउने काम सभासद राजेन्द्र पाण्डेले सम्पन्न गरेका छन् । साथै समितिमा पठाइएको यो विधेयकमाथि ३२ संशोधन हाल्ने सभासदहरूको घरघरमै पुगेर संशोधन फिर्ता लिन साम, दाम, दण्ड, भेद नीति अपनाएर सफलता हासिल गरेका छन् राजेन्द्र पाण्डेले । केही दिनमै मनमानेहन मेडिकल कलेज सहकारीले प्रतिष्ठानको रूपमा चलाउन पाउने कानुन बन्ने निश्चत भएको छ । यसका लागि प्रधानमन्त्री केपी ओलीले (बाँकी अन्तिम पेजमा)

## भट्टराईको कदम राष्ट्रघाती : दाहाल

अभियान संवाददाता

काठमाडौं । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले आफ्नो पार्टी परित्याग गरेर नयाँ शक्तिको निर्माणमा लागेका डा.बाबुराम भट्टराईलाई राष्ट्रघाती भएको आरोप लगाएका छन् । नयाँ शक्ति निर्माणमा रहेका भट्टराईको कदमलाई राष्ट्रघात भन्दै भट्टराईको अहिलेको कदम जनयुद्ध, बलिदान, बेपत्ता योद्धा र सहिद परिवारविरूद्ध रहेको बताउँदै दाहालले भने भट्टराईको कदम राष्ट्रघाती र विचारघाती मात्र छैन, आत्मघाती समेत रहेको छ । उहाँले जे रोप्नु भएको छ, भोली त्यही फल्छ भन्दै साम्यवादी दर्शनमा आधारित जनवादका लागि सशस्त्र क्रान्तिको अगुवाई गरेका नेताले कम्युनिष्ट पार्टी नै परित्याग गरेका भट्टराईको जस्तो कदम संसारमै विरलै रूपमा पाइने



दाहालले उद्घोष गरेका छन् ।

दाहालले उक्त कुरा आफ्नो पार्टी कार्यालयमा सोमबार पत्रकार सम्मेलन गरेर बताएका हुन् । पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले भने, जनयुद्धका बेला आफू पार्टी अध्यक्ष र जनमुक्ती सेनाको सुप्रिम कमाण्डर हुँदा उहाँ जनसरकार प्रमुख रहनु भएको थियो । हजारौंको बलिदान हाम्रै नेतृत्वमा भएको थियो । अहिले उहाँले जनयुद्ध, बलिदान, घाइते, बेपत्ता र सहिद परिवारको दायित्वबाट पन्छिने काम गर्नु भएकाले उहाँ राष्ट्रघाती नै हुनुहुन्छ भन्दै पत्रकार सम्मेलनमा आफूलाई तत्काल प्रधानमन्त्रीको लोभ नभएको बताए ।

सो अवसरमा अध्यक्ष दाहालले केपी (बाँकी अन्तिम पेजमा)

## प्रधानमन्त्री ओली जाने नै भए त भारत

अभियान संवाददाता

काठमाडौं । नाका नखुले भारत जान्न भनेका प्रधानमन्त्री केपी ओलीले भारत जानका लागि होमवर्क गर्न परराष्ट्र मन्त्रालयलाई आदेश दिइसकेपछि फेरि उनी नाका नखुले भारत जान्न भनेर घुर्की देखाए । भारतले नाकाहरूलाई केही सहज पारिदिएपछि पुनः भारत जान्छु भनेर तयारी थालेका छन् । यसका लागि अर्थमन्त्री विष्णु पौडेल पर्सी भारत जाँदैछन् ।

भारत जान र भारतमा कुन कुन मुद्दा उठाएर नेपाल भारत सम्बन्ध सामान्यिकरण गर्ने भन्ने विषयमा प्रधानमन्त्रीले विज्ञ समूह भनेर डा.भेषबहादुर थापा, सूर्यनाथ उपाध्याय, नीलाम्बर आचार्य र डा.राजन भट्टराईको समिति गठन गरेका छन् । यो समितिले सुझाव तैयार गर्ने हो, यिनको



सुझावमा प्रधानमन्त्री केपी ओलीले अडिग (बाँकी अन्तिम पेजमा)

## जुवाको अखडा बन्दै काठमाडौं

काठमडौं । क्यासिनो शैलीमा लामो समयदेखि जुवा खेलाइने नयाँबजारस्थित एक अखडामा प्रहरीले छापा मारी दुई महिलासहित १८ जनालाई पक्राउ गरेको छ । जुवाखालबाट सात लाख ४८ हजार आठ सय रूपैयाँसमेत बरामद भएको छ ।

राजन महर्जनको घरमा राजन शाक्यले फ्ल्याट भाडामा लिएर कौडा खेलाउँदै आएका थिए । महानगरीय प्रहरी वृत्त लैनचौरले सुराकीको आधारमा मंगलबार बेलुका छापा हानी १८ जनालाई पक्राउ गरेको हो । पक्राउ परेकामध्ये दुईजना महिला रहेको लैनचौर वृत्तका डिएसपी सीताराम रिजालले बताए । पक्राउ पर्ने युवतीमा सविना श्रेष्ठ र संगिता महर्जन छन् । उनीहरु जुवामा पैसा लगानी गर्ने र च्याँखे राख्नेहरु भएको डिएसपी रिजालले बताए ।

पक्राउ पर्ने अन्यमा दिपेश खड्गी, लोरबहादुर गुरूङ, हेमबहादुर भट्ट, धर्मराज राई, जीवन तामाङ, नवीन अधिकारी, पारसराज मगर, प्रेमबहादुर स्थापित, जीवन (बाँकी अन्तिम पेजमा)

# गणतन्त्र कसका कारण धरापमा ?

काठमाडौं । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले आफ्नो पार्टीको असफलता र नालायकीपन लुकाउनका लागि विखण्डन र हिंसामार्फत गणतन्त्रको अन्त्य गर्ने दिशामा मुलुकलाई लगिँदै गरेको उल्लेख गर्दै त्यसतर्फ सचेत रही नीति तय गर्न प्रधानमन्त्री ओलीलाई आग्रह गरेका छन् ।

आइतबार बिहान र बेलुका गरी दुई पटक बसेको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा संयन्त्रका अध्यक्ष समेत रहेका दाहालले त्यस्तो बताएका हुन् । दाहालालई उद्धृत गर्दै स्रोतले भन्यो, डिजाइन एकातिरबाट मात्र होइन, धेरैतिरबाट आएको छ । डिजाइनको मुख्य उद्देश्य भनेको गणतन्त्रको अन्त्य रहेको स्पष्ट छ । त्यसैले सत्य निरूपण तथा मलमिलाप आयोगलाई प्रभावकारी ढंगले अघि



बढाउन सरकारसँग माग गर्दै दाहालले बैठकमा भने, द्वन्द्वकालीन मुद्दा ब्यूँताउँदै नेताहरूलाई समाप्त पार्न खोजिएको छ । त्यसतर्फ सरकार सजग हुनुपर्‍यो । दाहालले बैठकमा गणतन्त्र कसले अन्त्य गर्न लागे भन्ने कुनै खुलासा नगरेपनि दाहालकै पार्टीका

पूर्वसभासद् बालकृष्ण ढुंगेललाई सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरेको विषयलाई अप्रत्यक्ष रूपले नेताहरूलाई समाप्त पार्न लागेको आरोप लगाएका थिए । उज्जन श्रेष्ठको हत्याका आरोपी ढुंगेललाई तत्कालिन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकारले आममाफी दिने निर्णय गरेको थियो, तर हाले सर्वोच्च अदालतले दलको सिफारिसमा आममाफी दिने निर्णय गैरकानुनी भएको भन्दै आममाफी नदिन सरकारका नाममा परमादेश दिएपछि अध्यक्ष दाहालले अब गणतन्त्र नै सिध्याउन लागेको अभिव्यक्ति दिएर सर्वोच्च अदालतले दिने गरेका निर्णयहरूप्रति असन्तुष्टी जनाएका हुन् ।

कानुनी रज्यमा कानुनको शासन हुनुपर्नेमा संविधानको व्याख्या गर्ने अदालतले आदेश दिइसकेपछि कानुनी (बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

# वार्ता र संवादबाटै सहमति खोजौं

*संविधान निर्माणकै अवस्थामा आन्दोलनमा होमिएका मधेसी मोर्चाका माग सम्बोधन गर्न संविधान संशोधन गरिएको दुई साता पुग्दा पनि मधेस आन्दोलन रोकिएको छैन । भारतले लगाएको अघोषित नाकाबन्दी समेत पूर्णरुपमा खुलेको छैन । ठीक त्यसको उल्टो बरु सरकार तीन दल र आन्दोलनरत पक्षबीचको संवादसमेत पछिल्लो समयमा शिथिल भएको छ । ठूला दलहरु बीच अनौपचारिक संवाद चलेपनि निकासको तहमा वार्ता हुन सकेको छैन । प्रमुख दलहरु आन्तरिक वार्ता र बैठकमा ब्यस्त रहेका बेला प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको महाधिवेशनको चटारोले छोपेको हुनाले ठूला भनिएका तीन दलबीच नै वार्ता नभएको हुनाले संवाद पातलिँदै जानु भनेको राजनीतिक गतिरोध अझ टाढिँदै जानु हो ।*

*संयुक्त मधेसी मोर्चाको मागलाई सम्बोधन गर्न संविधान संशोधन गरिएपछि मधेसी मोर्चाबाट जुन अपेक्षा गरिएको थियो, त्यो हुन सकेको छैन । मोर्चाले उठाएका प्रमुख माग जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको सुनिश्चितता भएको छ भने राज्यका सबै तहमा सामानुपातिक सिद्धान्तका आधारमा स्थान सुरक्षित गरिएको छ । मधेसी मोर्चाले आफूले उठाएका मागलाई सम्बोधन गरिएपछि त्यसलाई उपलब्धीका रुपमा स्वीकार गरेर अन्य मागका बारेमा सहमति र संवाद गर्नुको बदला सीमाकंनको विषयलाई बटमलाइनका रुपमा अडान लिँदा त्यसैमा गाँठो अड्किएको छ । पछिल्लो समयमा सरकार र तीन दलले तीन महिना भित्रमा सीमाकंनको टुंगो लगाउने गरी राजनीतिक संयन्त्र निर्माण गर्ने सहमति जनाइसकेको छन् । संयन्त्रले तराई मधेसमा दुई प्रदेश हुने गरी प्रदेशको संख्या र सीमाकंनको परिमार्जन गर्नुपर्ने र कार्यक्षेत्र संविधानको अनुसूचीमै उल्लेख गर्नुपर्ने मोर्चाको अडान रहेपछि प्रमुख दलहरु त्यस विषयमा सहमत नभएपछि वार्ता र संवादले गति लिन सकेको छैन । त्यही कारणले गर्दा मधेसी मोर्चा संविधान संशोधनमा समेत सामेल भएन, त्यसै कारण राजनीतिक गतिरोध लम्बिँदै गएको छ ।*

*मधेसमा आन्दोलनको क्रममा ५५ जनाभन्दा बढीले ज्यान गुमाइसकेका छन् । आन्दोलनका क्रममा सबैभन्दा पीडित मधेसकै जनता भएका छन् । मुलुकको अर्थतन्त्रमा ठूलो क्षति भएको छ । विकास निर्माणका सबकामहरु ठप्प भएका छन् । यस्तो अवस्थामा मधेसी मोर्चाले पनि जिम्मेवारी महसुस गरेर त्यसै अनुरुप प्रस्तुत हुनुपर्ने जरुरी भएको छ । मोर्चाले जतिसक्दो छिटो आन्दोलन फिर्ता लिएर स्थिति सहज बनाउन र नाकाबन्दी केन्द्रित आन्दोलनको स्वरुप फेर्नै पर्छ । विभिन्न प्रकारका माग राखेर सरकारलाई दबाब दिने नाममा जनतालाई निरन्तर सास्ती दिएर आन्दोलन गरिरहनु स्वयं मधेसी मोर्चाको हितमा हुँदैन । जनतालाई सास्ती दिएर गरिने आन्दोलनलाई जनताले डरत्रासमा स्वीकार गरेपनि वास्तविक रुपमा जनताले आफैंले दुःख पाउने आन्दोलनलाई स्वीकार गर्न सक्दैनन् । मधेसी मोर्चाभित्र पनि आन्तरिक समस्याकै कारण पनि मुद्दा उठानमा समेत मोर्चा अल्मलिएको छ । आन्तरिक कारणले सिंगो मुलुकलाई अस्थिर बनाउनु र अस्थिरताको बाटोतर्फ धकेल्ने प्रयास गर्नु किमार्थ उचित हुन सक्दैन ।*

*प्रधानमन्त्री केपी ओलीले राजनीतिक असहमतिलाई विभिन्न चरणमा हल गर्ने प्रक्रिया आरम्भ भएको उल्लेख गर्दै बाँकी असहमतिहरुलाई पनि वार्ताकै माध्यमबाट हल गर्न सकिने भन्दै मधेसी मोर्चासहितका सबै पक्षलाई वार्ता र संवादमा आउन आग्रह गरेका छन् । जसरी संविधानमा पहिला संशोधन गरेर असहमतिका बिन्दूलाई संशोधन गरियो, त्यसैगरी अन्य असहमतिका विषयहरु पनि सम्बोधन गर्न सकिने प्रधानमन्त्रीले भनिसकेको अवस्थामा त्यसलाई सकारात्मक रुपमा लिँदै प्रमुख दलहरु र मधेसी मेर्चा वार्ता र संवादमा सरिक हुँदै जतिसक्दो छिटो निकास खोज्नै पर्छ । प्रधानमन्त्री आफैंले आब्हान गरेनुरुप वार्ताको माहोल बनाउन ब्यवहारिक रुपमा जुन सक्रियता देखाउनु पर्ने थियो, त्यो देखाउन सकेका छैनन् । ओली नेतृत्वको सरकारमा रहेका वरिष्ठ मन्त्रीहरुले मधेसी मोर्चाका माग सम्बोधन भइसकेको हुनाले मोर्चाले विनासर्त आन्दोलन फिर्ता लिनुपर्छ भन्ने डंक पिटिरहेका छन् भने अर्कोतर्फ स्वयं प्रधानमन्त्री मोर्चाका मागलाई सम्बोधन गर्न सरकार तयार रहको उद्घोष गरिरहेका हुनाले मधेसी मोर्चासँगको वार्ता र संवादका लागि सरकारका मन्त्रीहरु नै कतै बाधक बनेकाहुन कि भन्ने आशंका समेत उब्जिएको छ । जे होस् वार्ता र संवादबाट निकास निकाल्नु बाहेक दुईपक्षसँग अर्को विकल्प बाँकी छैन । घुर्की र धम्कीले समस्याको समाधान हुन सक्दैन त्यसैले दुवै पक्षले लचकता प्रदर्शन गर्दै आवश्यकता अनुसार वार्ता र संवादलाई अगाडि बढाएर जतिसक्दो छिटो मुलुकलाई निकास दिन हामी मधेसी मोर्चा र सरकार दुवैलाई आग्रह गर्दछौं ।*

# आफ्नै पार्टीका कारण ओली असफल मार्गतर्फ

देवेन्द्र चुडाल

संविधान जारी भएपश्चात नेकपा एमालेका अध्यक्ष केपी ओलीको नेतृत्वमा गठन भएको सरकारको आयु तीन महिना नपुग्दै आलोचना सुरु भएको थियो । ओली सरकारले गर्ने गरेका कामकारबाहीका बारेमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले एकसय दिनसम्म कुनै आलोचना नगरेपनि ओली अध्यक्ष रहेकै पार्टीका वरिष्ठ नेताहरूले सरकारको काम कारबाहीका बारेमा सय दिन नपुग्दै आलोचना गर्न सुरु गरेका थिए । अहिले त्यो क्रमलाई उचाईमा पुर्‍याउने कार्य जोडतोडले चलिरहेको छ । नेकपा एमालेका वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल र अर्का वरिष्ठ नेता माधवकुमार नेपालले सरकरको आलोचना खुलेरै गर्न थालेका छन् । ओली नेतृत्वको सरकार गठन हुँदा दक्षिणी छिमेकी मुलुक भारतले नेपालमाथि अघोषित नाकाबन्दी लगाइसकेको थियो । भारतले लगाएको अघोषित नाकाबन्दी हालसम्म पनि केही हदसम्म कायमै रहेको छ । नेपालको लागि इन्धनलगायत अन्य अत्यावश्यक समान आयात हुने रक्सौल नाका अहिले पनि अवरूद्ध रहेको छ । उक्त नाका पूर्णरूपमा नखुलेसम्म इन्धनलगायत अन्य अत्यावश्यक सामान सहज रूपमा उपलब्ध हुन सक्ने कुनै सम्भावना नै छैन । रक्सौल-वीरगञ्ज नाकाबाट ७० प्रतिशतभन्दा बढी इन्धन, ग्यासलगायत अन्य अत्यावश्यक वस्तुहरू नेपाल प्रवेश गर्ने भएका हुनाले उक्त नाका पूर्णरूपमा सहज हुनु अति आवश्यक रहेको छ ।

सत्ताको नेतृत्व गरेको पार्टीका शीर्ष नेताहरूले सरकार सञ्चालन र नाकाबन्दी हटाउने पक्षमा सरकारलाई सहयोग र समर्थन गर्नुको बदला आफ्नै पार्टीका अध्यक्ष प्रधानमन्त्री रहेका बेला पार्टी अध्यक्षको उछितो काड्दै खुल्ला रूपमा बहसमा उत्रिनु किमार्थ उचित हुन सक्दैन । पार्टी सञ्चालनमा केही कमीकमजोरी रहेका भए, पार्टीभित्रै अन्तरिक छलफल र बहस गरेर समस्याको समाधान खोज्नु नै उचित हुन्छ । पार्टीभित्रको आन्तरिक कलहलाई सडकमा ल्याएर छताछुल्ल पार्ने कार्यले पार्टीलाई नै नोक्सानी पुर्‍याउँछ । खनाल र नेपाल दुवै एउटै मञ्चमा उभिर पार्टी अध्यक्ष केपी ओलीले पार्टी र सरकार समेत एकलौटी ढंगले सञ्चालन गरेको आरोप लगाएका छन् । ओलीले संयुक्त सरकारको नेतृत्व गरेका हुनाले सरकार सञ्चालन त्यति सहज छैन । ओली नेतृत्वमा रहेको सरकारमा उत्तरी ध्रुव र दक्षिणी ध्रुवसँग नजिक भएका राजनीतिक दलहरू समेत सरकारमा सहभागी भएका हुनाले उनीहरूलाई मिलाएर लैजानु प्रधानमन्त्री ओलीलाई फलामको चिउरा चपाउनु सरह भएको एक मन्त्रीले नै बताएका छन् । दुई पूर्वप्रधानमन्त्री रहेको नेकपा एमालेभित्र अहिले गुटगतको राजनीतिले प्रश्रय पाएको प्रष्टरूपमा देखिएको छ । पार्टीको अधिवेशनमा अप्रत्यक्ष रूपमा ओलीलाई समर्थन गरेका झलनाथ खनाल अहिले ओलीको विपक्षमा लागेकाले खनाल र नेपाल एकै मञ्चमा पुगेर प्रधानमन्त्री एवं पार्टी अध्यक्ष ओलीका विरुद्ध जेहाद छेड्न पुगेका हुनाले ओली नेतृत्वको सरकारलाई अन्य दलहरूबाट नभएर आफ्नै पार्टीबाटै संकट उत्पन्न हुनसक्ने अवस्था विस्तारै सिर्जना भएको छ ।

भारतले लगाएको अघोषित नाकाबन्दी हटाउन नसक्नु, २०७२ वैशाख १२ गते गएको भूकम्पमा परेका पीडित जनताको हितमा काम गर्न नसक्नु र महँगी, कालाबजारीलाई कारबाही गर्न नसक्नु, आफ्नै पार्टीलाई विश्वासमा लिन नसक्नु र संयुक्त सरकार भएको हुनाले संयुक्त सरकारको अवधारणा अनुसार सरकार सञ्चालन गर्न नसक्नु प्रधानमन्त्री ओलीका कमजोरी भएपनि आजसम्म उनले राष्ट्रघाती र राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अण्डताका विरूद्धमा कुनै काम नगरेका हुनाले ओली सरकारलाई जनताले समर्थन गर्दै आएका छन् । नेपालको पछिल्लो इतिहासमा राष्ट्रियताका लागि स्व. मरिचमान सिंह श्रेष्ठको सरकारलाई जनताले जसरी समर्थन गरेका थिए, त्यसपछि अहिले केपी ओली नेतृत्वको सरकारलाई त्यसैगरी समर्थन गरेका छन् । सिंह प्रधानमन्त्री रहेक बेलामा पनि भारतले १३ महिनासम्म नाकाबन्दी गरेको थियो, त्यो नाकबन्दीलाई तत्कालिन सरकार र नेपाली जनताले डटेर मुकाविला गरेका थिए । अहिले पनि झण्डै त्यस्तै अवस्था रहेको छ । फरक यति मात्र हो, त्यसबेला कांग्रेस, कम्युनिष्ट पार्टीहरू भारतमै पुगेर नाकाबन्दीलाई कडा बनाइदिन भारतीय सरकारसँग अनुरोध गरेका थिए भने अहिले केही मधेसवादी दलहरूले त्यसो गरिरहेका छन् । अहिले केही मधेसवादी दलहरू आफ्नो राष्ट्र र जनतनाको विरूद्धमा विदेशमा पुगेर अनेक प्रकारका अलाप विलाप गर्दै नेपाल सरकारलाई दबाब दिन अनुनयविनय गरिरहेका छन् । मधेसवादी दल मध्येको विजय गच्छदारले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) महत्वपूर्ण मन्त्रालयसहित सत्तामा सहभागी भएको छ भने चुनावमा जनताले नपत्याएका र चुनावमा पराजित भएका केही दलहरूले आफ्नै जनताविरूद्ध सीमानामकमा बसेर आन्दोलन गरिरहेका छन् । असोज ३ गते जारी भएको संविधानप्रति केही मधेसवादी दलहरूले आपत्ति जनाउँदै आन्दोलनमा गएका हुनाले मधेसवादी दलका मागलाई सम्बोधन गर्न व्यवस्थापिका संसदले माघ ९ गते संविधान संशोधन गरिसकेको हुनाले अन्य केही मागहरू समेत संविधान संशोधनबाटै पुरा गर्न सकिने सत्ताधारी दल र प्रमुख प्रतिपक्षी दलले बताइसकेका हुनाले अब आन्दोलन जारी राखेर जनतालाई दुःख दिनु भन्दा पाएको उपलब्धीलाई स्वीकार गर्दै वार्ता र संवादबाट अन्य मागका बारेमा सहमति खोज्नु मधेसवादी दलहरूको हितमा हुनेछ । जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिने र समानुपातिक, समावेसी सिद्धान्त अनुसार राज्यका सबै निकायमा प्रतिनिधित्व गराउने मधेसवादी दलहरूको माग संविधान संशोधनबाट पुरा भएको हुनाले अब मधेसवादी दलका नेताहरूले सीमाकंनको विषयमा वार्ता र संवादबाटै समाधान खोज्नु उचित विकल्प हो ।

सरकारले जतिसक्दो छिटो मधेसवादी दहलरूलाई वार्तामा ल्याएर समाधान खोज्छ त्यति नै सरकारको भविष्य सुरक्षित रहन सक्छ । पछिल्लो समयमा अर्को प्रमुख सत्ताधारी दल एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले राष्ट्रिय सहमतिको सरकार निर्माण गर्नुपर्ने उद्घोष गरेर ओली नेतृत्वको सरकारलाई निष्प्रभावी पार्ने प्रयास गरिरहेका बेला ओलीकै पार्टीका दुई वरिष्ठ नेताहरू ओलीका विरूद्ध खनिनुको अर्थ सायद प्रधानमन्त्री ओलीले बुझेकै हुनुपर्छ । अहिले पनि सत्तामा झण्डै १३ वटा दल सहभागी भएका छन् । प्रमुख प्रतिपक्षी दल कांग्रेसलाई पनि सत्तामा सहभागी गराएर एमाओवादीका अध्यक्ष दाहाल आफैं प्रधानमन्त्री बन्ने र प्रमुख प्रतिपक्षीविनाको सर्वसत्तावाद सरकार सञ्चालन गर्ने कुटिल चालमा लागेका हुनाले त्यसतर्फ सत्तामा सहभागी भएका दलहरूले सचेत हुनैपर्छ । बहुदलीय व्यवस्थामा प्रतिपक्षी दल विनाको सरकारको कल्पनासम्म गर्न सकिँदैन । त्यसमा पनि बलियो प्रतिपक्षी हुनु बहुदलीय व्यवस्थाको लागि आवश्यक हुन्छ । तर पछिल्लो समयमा केही राजनीतिक दलहरूको व्यवहार हेर्दा त्यस्तो देखिएको छैन । केही मधेसवादी दलहरूलाई उचालेर केही राजनीतिक दलहरूले आफ्नो स्वार्थ पुरा गर्न खोजेको प्रष्ट रूपमा देखिएको छ । राजनीतिक दलहरू जनताको सेवाका लागि गठन भएका हुन भने उनीहरूले पार्टीगत र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हेर्नु पर्नेमा अहिले त्यस्तो देखिएको छैन । प्रमुख प्रतिपक्षी दल कांग्रेस आफ्नो १३ औं महाधिवेशनमा व्यस्त रहेको हुनाले सरकार गिराउने र बनाउने रणनीति कांग्रेसको महाधिवेशनपछि तिब्र रूपमा अघि बढ्ने सम्भावना रहेको छ । सरकार र तीन ठूला दलहरूको दायित्व र कर्तव्य भनेकै आफैंले निर्माण गरेको संविधानको सफल कार्यान्वयन हो । अहिले संविधान कार्यान्वयनमा अनेक कठिनाइहरू आइपरेका छन् । तराईमधेसका जनताले आफ्ना लागि संविधानमा के कस्ता व्यवस्था गरिएको छ भन्ने थाहा नै पाउन सकेका छैनन् । ति जनतालाई संविधानले दिएको अधिकारहरूका बारेमा जानकारी गराउने दायित्व सरकार र राजनीतिक दलहरूको भएपनि उनीहरू त्यसमा चुकेका छन् ।

समयले कसैलाई पर्खिँदैन, त्यसैले प्रधानमन्त्री ओलीले आफू प्रधानमन्त्री भएको सिंहदरबारमा फोटो झुन्ड्याइउनका लागि नभएको प्रमाणित गर्न पनि अविलम्ब भारतले लगाएको अघोषित नाकाबन्दी हटाउन, केही मधेसवादी दलहरूको आन्दोलन समाप्त पार्न र हावादारी गफ गरी उखान तुक्का भन्न छाडेर मुलुकको विकासका लागि तोरो मेरो भनेर होइन, राम्रा मान्छे, हाम्रा मान्छे भन्ने सिद्धान्त अनुसार उनीहरूलाई जिम्मेवारी दिएर विश्वासमा लिएर काम कारबाही अगाडि बढाएको खण्डमा मात्र उनी प्रधानमन्त्री भएको सार्थक हुन सक्छ । जनताले आजसम्म ओली नेतृत्वको सरकारलाई दिएको समर्थनलाई बाचाइराख्न सकेमात्र ओली नेतृत्वको सरकारको सार्थकता हुनसक्छ । नत्र भने जनताले भन्न करै लाग्छ, जुन जोगी आए पनि कानै चिरेको । त्यसैको परिणाम हो ओलीको फोटो प्रधानमन्त्रीका रूपमा सिंहदरबारमा झुन्डिने । त्यसैले फोटो झुन्ड्याउनमात्र प्रधानमन्त्री नभएको प्रमाणित गर्नका लागि प्रधानमन्त्री ओलीले मुलुकका जल्दाबल्दा समस्याहरुको समाधान गरी जनताको समर्थनलाई बचाइराख्नु स्वयं ओली र उनको पार्टीको हितमा हुनेछ ।

devendrachudal@gmail.com

# देशमा लागेको राजनीति हो कि ऐंजेरू ?


राजन कार्की

फलफूलको बोटविरूवामा ऐंजेरू लाग्यो भने केही फल्दैन । त्यस्तै भएको छ राजनीति देशका लागि । जबसम्म राजनीति पवित्र धारा बन्दैन र ऐंजेरू बनिरहन्छ, देशवासीले दुःख पाइरहनेछन् ।

राजनीतिक परिवर्तन भयो, नेताहरूले परिवर्तनलाई पेवा बनाए । देश र जनताले परिवर्तनको अनुभव नै गर्न पाएनन् ।१ सय २६ जाति बसोबास गर्ने विविधितालाई एकतावद्ध पार्न नसक्ने राजनीति, एक नेपालका अनेक जातिलाई समेट्न र सहमतिमा हिडाउन नसक्ने राजनीति भनेको देश विरोधी नै हो । देशको हावापानी सुहाउँदो भनेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रले देशलाई उचाल्न सकेन । अस्थिरता बढेर गएको छ । अराजकता नियति बनिसक्यो । हाहाकार दैनिकी भइसक्यो । राजनीति अन्धो बनेर जनताको कष्टकर जीवनको सहायक बन्न सकेन । राष्ट्रियतालाई कमजोर पार्ने राजनीति देश विरोधी नभए के हो ?

राजनीतिक दलहरूल ५ महिने मधेस आन्दोलनलाई संवोधन गर्न असमर्थ रह्यो । ५९ जनाले ज्यान गुमाइसके, मधेस आन्दोलन मत्थर भएको छैन । आन्दोलनको आडमा भारतले नाकावन्दीलाई कसिलो पार्दैछ । सामान्य इन्धनका लागि समेत जनताले ज्यादै पीडा र महगी भोग्नुपरेको छ । आन्दोलन र नाकावन्दीको आडमा कालोबजारी यसरी बढेर गएको छ कि नेपालको अर्थतन्त्र नै कालाम्मे भइसकेको छ । यो स्थितिलाई छिटै नियन्त्रणमा लिएर लोकतन्त्रलाई संस्थागत गर्न सकिएन भने घोषणा गरिएको संविधान कागजको खोस्टोमात्र साबित हुनेछ ।

मूल कानुन सर्बग्राह्य हुनुपर्थ्यो । संविधानले देशका सबै जातजाति, भेग, भाषा, क्षेत्रलाई जोड्नुपर्थ्यो । फोड्यो, मानसिक रूपमा फोडिसक्यो अव भौगोलिक रूपमा बिभाजित गराउने खतरा बढेको छ । विप्लवको समानान्तर जनसरकार र सीके राउतको फौजी संगठन भनेको देश तोड्ने, एकता भाँड्ने र राष्ट्रियतालाई खण्डित गर्ने औजार नै हुन् । संविधानले सबैलाई समेटेर लैजान सकेको भए, संविधानमा जनताले अपनत्व ग्रहण गर्ने वातावरण बनेको भए, संविधान जनताको सुझावअनुसार जारी भएको भए आज यस्तो बेहाल हुनेथिएन, जनताले बेसहाराको नियति भोग्नुपर्ने थिएन । अनि भन्नैपर्छ, राजनीति देश विरोधी भयो, ओली सरकार मधेस विरोधी देखियो ।

ाजनीतिक नेताहरूको दम्भले सबै सम्भाबनालाई नकारात्मक पारिदियो । देशका प्रधानमन्त्री झापा, सुनसरी, मोरङ मधेसमा हुनुहुन्न भन्छन् । कैलाली कञ्चनपुरलाई मधेसमा राख्न हुन्न भन्छन् । मधेस नेपालको हो । नेपाल हो । मधेसलाई यी जिल्लाहरूमा समावेश गरे त भइहाल्यो । नेपाल सरकारको प्रधानमन्त्री भएपछि स्पष्ट भन्न सक्नुपर्छ– कि संघीयतालाई थाँति राखौं, कि संघीयतामा यति र यसो हुन्छ, बाँकी केही पनि हुन्न । भावी राजनीतिमा आफ्नो पकड बनाइराख्नुपर्ने अनि यसका लागि पहाडी र मधेसी भनेर झगडा लगाउने काम राजनीतिक बर्गले गरिरहेको छ । यो सबैभन्दा गलत हो राजनीतिको ।

नेतामा सोच हुनुपर्छ, खोज हुनुपर्छ र निर्णायकत्व पनि हुनुपर्छ । मुख्य कुरो राजनीतिमा नैतिकता र विवेक हुनुपर्छ । यति भए मानवीयता स्वतः हुन्छ । यही हो लोकतन्त्रका गरिमा र महिमायुक्त विशेषतापूर्ण सुन्दरता भनेको पनि । लोकतान्त्रिक दलहरूमा यो सुन्दरता पटक्कै छैन । खाली दम्भ छ, अहंकार छ अनि सत्ता र शक्तिको दुरूपयोगमात्र छ । यी सबै कुरा जनताको मायाले पाएको कुरा यिनले बिर्सेका छन् । यही कमजोरीले जनतामाथि यिनले हैकम चलाइरहेका छन् । आफ्ना निर्णय जबरजस्ती लादिरहेका छन् । पहिलेको व्यवस्थालाई निरंकूश भन्नेहरूले आफै निरंकूशता बढाइरहेका छन् । सिण्डिकेटतन्त्र चलाएर लोकतन्त्रलाई भागबण्डातन्त्र बनाइरहेका छन् ।

राजनीतिक सहमतिमै संविधानसभाको निर्वाचन, संविधान निर्माण र घोषणा, सरकार परिवर्तन र नयाँ नेपाल निर्माणको प्रक्रिया आरम्भ, साथसाथै भूकम्पपछिको पुननिर्माणको सुरूआत भयो । झट्ट हेर्दा यी सबै घटनाक्रमको निष्कर्ष भनेको हामी अघि बढ्यौं, देश अघि बढ्यो भन्ने नै हो । साँच्चै देश अघि बढ्यो त ? यो प्रश्नले हामीलाई निराश बनाउँछ, देश अघि बढ्न सकेन, देशको स्थिति उत्साहप्रद हुनसकेन ।

हो, नेता अघि बढे । नेता सम्पन्न भए । गरीव देशका नेताहरू सामन्त बने, महाराजाजस्तो सोख पूरा गरिरहेका छन् । देशका जनता, जो सार्वभौमशक्ति समेत हुन्, तिनको बेहाल छ, तिनीहरू आपतमा छन् । तिनलाई सामान्य सुविधाका लागि समेत राजनीतिक दलहरूले सोध्ने, हेर्ने र विचार गर्ने गरेका छैनन् । जति भए पनि नपुग्ने, यी कस्ता लोकतान्त्रिक, शोषक नेता हुन् ?

देशमा प्राकृतिक विपदा पर्छ, अप्ठेरो आउँछ, संक्रमणकालमा त झन ठूला ठूला अप्ठेराहरू आउँछन् । अप्ठेराहरू, संक्रमणका जोखिमहरू चिरेर अघि बढ्नु नवनिर्माण हो । यसका लागि नेतृत्वमा साहस, आँट, बुद्धिमत्ता र दूरदर्शिता चाहिन्छ । अन्य मुलुकहरूले जसरी संक्रमणलाई चिरेर अघि बढे, मुलुकलाई गौरवपूर्ण स्थितिमा पुऱ्याए, त्यस्तो नेतृत्वको गुण हामीले पाउन सकेनौं । हाम्रो नेतृत्व व्यक्तिवादी, सत्तावादी, स्वार्थवादी र आत्मपरक भइदियो । नेतृत्वले राजनेतृत्वको गुणवत्ता हुन सकेन, चाहेन, यसकारण घटनाक्रम अघि बढ्यो, आशा र अपेक्षाहरू पनि व्यापक रूपमा बढे तर ती सबैलाई संवोधन गर्न नेतृत्व सफल भएन, देश अघि बढेन । राजनीतिले मूर्दा शान्ति ल्याएको छ । राजनीतिले देशलाई जिवन्त पार्न सकेन । जनता पीडामा भएको देशको राजनीतिलाई जिवन्त मान्न सकिदैन ।

जनयुद्धसमेत सामेल भएर १९ दिने आन्दोलन भयो र २०६३ सालमा जनआन्दोलन सफल भयो । यो सफलताका लागि कम्युनिष्ट र प्रजातन्त्रवादी दुबैको उत्तिकै भूमिका थियो । त्यसपछि सुरू भयो, परिवर्तनको जस कसले लिने ? यो प्रतिस्पर्धा आजसम्म पनि जारी छ । पटक पटक कम्युनिष्ट सरकारहरू बने, सबै फेल भए । कांग्रेसको सरकार बनेपछि संविधान त जारी भयो, तर त्यो संविधान अझैसम्म जनताले अपनत्व ग्रहण गरिसकेको स्थिति छैन । जुन प्रतिस्पर्धा ०६३ सालको परिवर्तनपछि थियो, त्यो आज झन गहिरो राजनीतिक घाउ बन्न पुगेको छ । यो १० वर्षको अन्तरालमा अनेक राजनीतिक घटनाक्रम घटेका छन् तर राजनीतिक द्वेष, प्रतिस्पर्धा बढेर गयो । जसका कारणले गणतान्त्रिक लोकतन्त्र त स्थापित भयो, त्यसलाई संस्थागत गर्ने संविधान पनि जारी भयो तैपनि संवैधानिक बिबाद यसरी बढेर गयो कि देश अघि बढ्न सकेन । नागरिकको हत्या जारी छ, असन्तुष्टि बिस्तारै बिद्रोहको रूप लिन थालेको छ । बिखण्डनका आवाजहरू घन्किन थालेका छन् । यसको कारण नेतृत्व जन्मनै सकेन । आन्दोलन सफल भयो, आन्दोलन सफल पार्ने नेतृत्वले देशको नेतृत्व लिने राजनेताको स्वरूप धारण गर्नै सकेन । देश अघि बढेन ।

ठूलो रोग सामन्तवाद हो । राजनीतिक सामन्तवाद हलक्कै हल्किएको छ । सत्तामा ठूला दलहरूको सामन्तवाद छ, मधेसमा हकाधिकारका नाममा सामन्तवाद आन्दोलनमा बिस्फोट भइरहेको छ, नागरिक जागरण त छ तर यो जागरणलाई बिबिध प्रकारका महासामन्तहरूले आफ्ना अनुकूल बनाइरहेका छन् । यही आडमा भारतले नेपालमाथि हस्तक्षेपकारी सामन्तवाद लादिरहेको छ । राजतन्त्र फालेर मुक्तिको बिगुल फुके पनि बिबिध सामन्तवाद हल्केर गएको छ । राजनीतिक शक्ति संघर्ष पनि सामन्तवादकै अर्को स्वरूप हो । यसमा नेतृत्वतह आफै राजनेता बन्न छाडेर सामन्त बन्ने होडबाजी गरिरहनु दुर्भाग्य हो । नेतृत्व विकास हुनै सकेन । नेतृत्व विकास नहुँदा देश अघि बढ्न सकेन ।

नाकावन्दी जारी छ, मधेस आन्दोलन चर्केर गएको छ । अव त विहार र युपीले समेत २४ लाख भारतीय युवती विवाह गरेर नेपाल गएका छन् । तिनको सुखशान्तिका लागि जेजस्तो सहयोग चाहिन्छ, हामी गर्छौं भनेर नेपालमाथि युद्धको घोषणा नै गरिसके । ने जनजिविका कष्टकर भइरहेको छ, संक्रमणकालीन मुलुकमा विदेशी हस्तक्षेप खुलेर पस्न थाल्यो । भावी दिनहरू खतरनाक छन्, भारतीय फौज समेत पस्ने हो कि भन्ने आशंका गर्न सकिने स्थिति परिसक्यो । देश संकटपूर्ण बनेको छ, अर्थतन्त्र धरासायी भइसक्यो, सत्तापक्ष र विपक्षमात्र होइन, नागरिक र प्रवुद्ध बर्गमा समेत पीडाबोध देखिदैन । यो भनेको संवेदनहीनता हो । संवेदनहीनता भनेको नेतृत्व तैयार छैन भन्ने प्रमाण हो । यसकारण देश अघि बढेन । बढ्न सकेन । राजनीति देश विरोधी भयो, ओली सरकार मधेस विरोधी देखियो । यसरी नेपालीत्वको जगर्ना कसरी गर्ने ? सोचौं सबै मिलेर सोचौं । यो संचेतनाको समय हो ।


सुरक्षित भविष्यका लागि सञ्चयकोष

कोषबाट सञ्चयकर्तालाई उपलब्ध सेवाहरू:

**क. सञ्चित रकममा ब्याज प्रदान:** हालको ब्याजदर ६.७५ प्रतिशत (२०७२ श्रावण १ गते देखि)

**(ख) सापटी सुविधाहरू:**

- विशेष सापटी: कोषकट्टी खातामा जम्मा भएको रकमको ९० प्रतिशत सम्म,
  - प्रत्येक वर्ष नवीकरण हुने
  - व्याजदर ८.२५ प्रतिशत ।
- घर सापटी: घर निर्माण वा घर/अपार्टमेन्ट खरिद गर्न:
  - सेवा अवधि वा पदावधि १० वर्ष भन्दा कम भएमा १२ वर्षको तलब वरावरको रकम,
  - सेवा अवधि वा पदावधि १० वर्ष वा सो भन्दा बढी भएमा १५ वर्षको तलब बराबरको रकम,
  - सापटीको अधिकतम सीमा रु. १ करोड,
  - व्याजदर ८.२५ प्रतिशत ।
- शैक्षिक ऋण: घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान/श्रीमती/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न:
  - स्वदेशका लागि अधिकतम रु. १० लाख
  - विदेशका लागि अधिकतम रु २० लाख सम्म तर एम.बी.बी.एस/ एम.डी को लागि रु २५ लाख सम्म,
  - व्याजदर ८.२५ प्रतिशत ।
- सञ्चयकर्ता सरल चक्रकर्जा: घर जग्गाको धितोमा न्यूनतम रु ५ लाख र अधिकतम रु १० वर्षको तलव बराबर वा रु ३० लाख मध्ये जुनकम हुन्छ सो बराबर रकम, व्याजदर ९ प्रतिशत ।

**घ) सामाजिक सुरक्षा सुविधाहरू:**

- दुर्घटना क्षतिपूर्ति योजना: सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्णअंगभंग भएमा रु १ लाख २५ हजार,
- काजकिरिया अनुदान योजना: सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु ३० हजार,
- सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७०: साधारण उपचारमा रु २५ हजार र कडा रोगको उपचारमा रु ५० हजारसम्म,
- सुत्केरी तथा शिशु हेरचाह योजना: महिला सञ्चयकर्ता आफैं वा सञ्चयकर्ताको पत्नी सुत्केरी भएमा सुत्केरी तथा शिशु हेरचाह प्रयोजनार्थ तमाम नाकरी अवधिमा दुई पटकसम्म प्रति प्रसुति रु ७५००/- ।

**(ङ) अन्य सुविधा:**

- कोषले ऋण लगानी गरेका कम्पनीहरुको शेयरमा सञ्चयकर्तालाई सहभागीता गराइएको (अपर तामाकोशी हाइड्रोपावर लिमिटेडमा शेयर प्रदान भई सकेको र अन्य कोषले ऋण लगानी गरेका/गर्ने परियोजनामा शेयर प्रदान गर्दै जाने) ।

कर्मचारी सञ्चयकोष
पुल्चोक, ललितपुर
Website: www.epfnepal.com.np



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल बिजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको अत्यन्त जरुरी सूचना

मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्यरुपमा बिजक दिनुपर्ने र क्रेताले पनि बिजक लिनु पर्ने व्यवस्था रहेको छ । बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । बिक्रेताले बिजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५,००० (पाँचहजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा बिजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा बिजक लिनुहुन अनुरोध छ ।

# मधेशी–थारूको समस्या र सरकारको जिम्मेवारी

*डा. शंकरलाल चौधरी*

नेपाली जनताको लामो संघर्षपश्चात् नेपालमा संविधान त आयो तर अधुरो र अपुरो आयो । केही वर्ग विशेषका लागि त खुशियाली नै भयो तर मधेशी, थारु, आदिवासी जनजाति, दलित, मुस्लिम, पिछडिएका वर्गहरूको पक्षमा आएन । साँचै भन्ने हो भने तराई–मधेशको भूभाग जहाँ ५१% भन्दा बढी जनसंख्या ओगटेको छ त्यसका हातमा शून्य परेको छ । केही पाएका छैनन् । यतिका वर्षसम्म गरेको संघर्ष र बलिदानको साटो मधेशी, जनजाति, थारूलगायतका लागि हर्ष न विषमात् भएको छ । यिनीहरु आफूलाई ठगिएको महसुस गरिरहेका छन् ।

आज तराई–मधेशवासीहरु एक स्वायत्त प्रदेशको माग छोडेर दुई स्वायत्त प्रदेश झापादेखि पर्सा र चितवनदेखि कञ्चनपुरसम्म माग गरेका छन् । मधेशका जिल्लाहरु मधेशमै हुनुपर्ने माग गरिरहेका छन् । पहाड चढेर, उक्लेर पहाडमा प्रदेश वा स्वायत्त प्रदेश त मागिरहेका छैनन् नि । आज पनि असहमति छ भने ५ जिल्लालार्य लिएर पूर्वमा तीन झापा, मोरङ र सुनसरी र पश्चिममा दुई (कैलाली र कञ्चनपुर) कैलालीमा थारूको विशाल जनसंखया छ । त्यसैले यो माग कुनै अनुचित माग होयन, न्यायोचित र सार्थक माग हो ।

हाल सातवटा प्रदेशमा ६ वटा खसआर्य बाहुल प्रदेश छन् भने सप्तरी–पर्सासम्म एउटा प्रदेश मधेशीका लागि दिएको छ । यी आठ जिल्लामा मुश्किलले करिब ४५ वटा निर्वाचन क्षेत्र आउँछ । जबकि जनसंख्या करिब ५५ लाख हुन आउँछ र साधारण हिसावले पनि एक लाखमा ४ निर्वाचन क्षेत्र हुन्छ भने त्यसै पनि २०० भन्दा बढी निर्वाचन क्षेत्र हुनसक्छ । तर, सबैमा असमानता छ ।

२००७ सालदेखि हालसम्म जति पनि आन्दोलन र क्रान्ति भए खास गरे प्रजातन्त्रका लागि सबैमा तराई–मधेश, पहाड, काडमाडौं हिमाल सबैमा सबैका सहयोग थिए । तर, आज तराई–मधेशमा संविधानमा अघिकारका लागि आन्दोलन गर्दैमा भारतबाट निर्देशित छ भन्नु कतिको सान्दर्भिक छ ? यो सबै अनर्गल प्रचार हो । राज्य संवेदशनशील हुनुपर्दछ । आज मधेशी र थारूको माग पूरा हुन्छ भने नेपाल अझ चाँडै बलियो, विकशित र आर्थिकपमा समुन्नत हुनेछ । खोई यसबारेमा सोचाई ?

२५० वर्षसम्म तराई–मधेशका मानिस दासत्व जीवन बिताइरहेको कुरा जगजाहेर नै छ । २५ वर्षको शासनकालमा कुमाउका जनता माथि गोर्खालीले थोपारेको अच्याचारको कल्पना गर्न सकिन्छ र नेपाल अँग्रेज युद्धमा कुमाउँका जनतालेकिन अँग्रेजलाई साथ दिए अध्ययन र अनुसन्धानको विषय यो । मधेशमा मुगल र अँग्रेज शासकसँग लड्ने थारु र मधेशी इमान्दारीपूर्वक राज्यको भूमि संरक्षण गरे । इमान्दारीपूर्वक देशको इज्जत जोगाएको कुरा जगजाहेर छ । उनीहरूको योगदानको कदर खै ? सर्वोत्कृष्ट संविधान भन्ने तर, ५१% भन्दा बढी जनताले नकारेका छन् । किनकि उनीहरूको अधिकार कटौती भएका छन् । राज्यले अन्याय गरेको छ । इतिहासलाई नभुलौं । गोर्खा राज्य विस्तारमा विजित भूमि बिर्ता र जागिरका रूपमा ती अनिवायरूपमा जमिन राणाकालमा व्यवस्थित गर्न जिम्दार प्रथा सुरु गरे ती जिम्दारहरु अनिवार्यरूपमा पहाडी मूलकै हुन्थे ।

यो त सानो उदाहरणको झल्को मात्र हो । सन् १८४३ मा माथवरसिंह थापा प्रधानमन्त्री छोटो कालका लागि भए । तत्कालै उनको पुरानो बिर्ता पुनर्स्थापन भयो र थप २२ सय रोपनी धानखेत जागिर दिइयो । अझ बारा, रौतहट, सप्तरी र महोत्तरीमा थप २५ हजार बिघा जग्गा बिर्ता पाए । यसैबाट प्रष्ट हुन्छ मधेशी र थारु दासत्वको शिकार कसरी भए । जग्गा गर्ने मधेशवासी फाइदा लिने बाहिरवासी । आज संविधानमा पाउनुपर्ने नै अधिकार खोजिरहेको बेलामा राज्यपक्ष बडो संवेदनशील भएर न्याय दिनुपर्छ । अधिकार दिनुपर्छ । आखिर तराई–मधेश पनि त राज्यकै अँग र भूमि हो । यसमा किन हेलचक्रयाईँ र कन्जुस्याइँ भइरहेको छ । किन मधेशप्रति दुराशय र अनर्गल भावना प्रचार हुन्छ ।

आज २१औं शताब्दीमा पश्चिम तराईका थारूहरु कमैमा वन्धुआ–मजदुर, कमलरीको जीवन कसरी बिताइरहेको छ । विभिन्न कालमा टाठाबाठाबाट दाङ–कञ्चनपुरका थारूहरु विभिन्न बहानामा भारततिर लखेटिएका कुरा जगजाहेर छन् । झापाका कुरा गरौं, राजवंशी, धिमाल, सतार, गनगाई, कोचेमेचेको अवस्था सन् १९६० भन्दा अगाडि आर्थिक अवस्था राम्रो थियो आज देशबाट लखेटिएका छन् । जो–जो खान् यी मध्येका अवस्था कहालिलाग्दो छ ।

आदिवासी जनजातिहरु झापाको घना जंगल, नदी आदिलाई खेती योग्य भूमि बनाए । मलेरिया (औंलो)को चपेटा र जंगली जानवरको आक्रमणबाट आफ्ना परिवार र सन्तानको आहूति दिए । तकवँर, आज ती आदिवासी, जनजातिको के अवस्था छ ? संविधानमा अधिकार छैन । कमजोर वर्ग संगठित र मागको लागि आन्दोलित हुन्छ भने राज्यपक्षबाट निर्मम हत्या र दमनका शिकार हुन्छ । अझ सुरूवात यी तराई–मधेशबाट मोदी पुत्रहरु भातीय हुन्, आतंककारी हुन, अनेक किसिमका अनर्गल प्रचा प्रसार गर्न पछि हट्दैन । यही हो मानवता ? मानव अधिकार कहाँ गए ?

वास्तवमा सही रूपमा तराई–मधेशवासीले गर्दा नै मधेशको भूमि, वातावरण, जलजंगल र जमीनलाई सुरक्षा दिएको छ । दक्षिणतिरको सुरक्षा पर्खाल र कवचको रूपमा काम गरेको छ । उनीहरूमा इमान्दारीता छ र सधैं कायम राख्नेछ । तराई मधेशवासी अधिकार मात्रै मागिरहेका छन् । देश टुक्र्याउन खोजिरहेका छैनन् । अझ मधेश समृद्ध भयो भने देश नै समृद्धशाली हुन्छ । खोई राज्यको सहनशीलता र संवेदनशीलता ? संविधानमा सानो अधिकार माग गेकोमा कत्रो जालझेल ?

मधेशी र थारूलाई अपमानित गर्न पछि हट्दैन शासकवर्ग । शासक वर्गले बेलैमा आफ्नो जिम्मेवारीको बोध गरोस् । सन्तुलन कायम राखोस् । अब साना गरीब निसहाय र कमजोर वर्गलाई पनि आफ्नो अधिकारको ज्ञान भइसकेको छ । उत्कृष्ट सुगा रटाईको संविधानको नाममा अब जघन्य अपराध, मानव दमन, तराई मधेशवासीमाथि अन्याय, अत्याचार, दमन, शोषण बन्द होस । वर्तमन समस्यालाई समयमै धैर्यवान भए सही बाटोको किनारा लागोस् यसैमा सबैको भलाई छ । तेरो र मेरोको सोच मनबाट टाढा राखौं ।

(मधेश दर्पण फिचर सेवा)

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट

सिन्ह्वा कम्पनी प्रा.लि.

बागबजार, काठमाडौं

(पिके क्याम्पस अगाडि, यति प्लाजा)

फोन : ०१–६९२३१५२, ६९२३१३०



# कांग्रेस र भागबन्डाको राजनीति

*केबी गुरुङ*

नेपाली कांग्रेसको स्थापना मुलुक जटिल संक्रमणकालमा रहेका वेलामा भयो । नेतृत्वले देखाएको सुझबुझले त्यसवेलाको संकटलाई सहजै पार लगाउन सकियो । तर, अहिले पार्टीका शीर्ष तहका नेताले त्यो सुझबुझ देखाउन सकिरहेका छैनन्, जसले पार्टी सर्वनाशको बाटोमा अघि बढिरहेको छ ।



पार्टीको १२औं महाधिवेशन हुनुभन्दा केही समयअघि मैले केन्द्रीय कार्यसमितिको बैठकमा भनेको थिएँ, 'कांग्रेसबीच कांग्रेस भएको नाताले कांग्रेस खोज्दै छु ।' त्यति भनेपछि मैले केन्द्रीय समिति बैठक पनि छाडें । यस विषयलाई सुदूरपश्चिमको धनगढीदेखि सुदूरपूर्वका झापासम्म उठाएँ पनि । तर, १२औं महाधिवेशनमा यो विषय बहसको एजेन्डा पनि बनेन । १२औं महाधिवेशनबाट निर्वाचित पार्टी–नेतृत्वले सरकार र पार्टी दुवै स्थानमा कुनै पनि सम्झनयोग्य काम गर्न सकेन । सरकारको नेतृत्व गर्दा पार्टीका पक्षमा काम होइन, सर्वनाशको बाटो रोज्ने काम भए । पाँचवर्षे कार्यकालमा पार्टीमा योचाहिँ राम्रो काम भएको हो भनेर सम्झनलायक एउटै काम भेट्टाउन सकिन्न ।

काम गर्न नसक्नाको दोष शीर्ष तहमा बसेका नेता एकले अर्कोमाथि थोपर्छन् । नेतृत्व लिँदा भएको ६०/४० को भागबन्डा नै उपलब्धिमूलक काम गर्न नसक्नाको मुख्य कारण भएको नेताहरूको तर्क रहन्छ । पार्टी सभापति रहेका सुशील कोइराला नेतृत्वको (संस्थापन पक्ष) र सभापतिमा पराजित भएर वरिष्ठ नेता बनेका शेरबहादुर देउवा (देउवा पक्ष) दुवै पक्षले दोष ६०/४० को भाबन्डालाई देखाउँछन् । १२औं महाधिवेशनका वेला भागबन्डालाई समाप्त गर्नुपर्छ भन्ने कुरा नचलेको होइन । फुटेको पार्टी एक भएपछि बनेको एकीकृत केन्द्रीय समितिमा सभापति गिरिजाप्रसाद कोइराला रहेका वेला केन्द्रीय कार्यसमितिको बैठकमा ६०/४० को भागबन्डाका आधारमा केन्द्रदेखि तल्लो तहसम्मका एकाइमा कार्यसमिति बनाउने विषय अनुमोदन गर्ने वेलामा केन्द्रीय सदस्य बलबहादुर केसीले प्रश्न गरेका थिए, 'यहाँ ६०/४० को भागबन्डा भयो अरे क्ष भागबन्डा कसरी भयो, हामीले पनि थाहा पाउनुपर्‍यो । हामी ६० या ४० कुन समूहमा पर्‍यौं ।' त्यसको जवाफमा सभापति गिरिजाबाबुले के भन्नुभयो, त्यो भन्नु उचित या अनुचित अझै भन्न सक्दिनँ । त्यसवेला गिरिजाबाबु सभापति र संसदीय दलका नेता दुवै हुनुहुन्थ्यो । संसदीय समितिको बैठकमा गिरिजाबाबुले बलबहादुरको प्रश्नको जवाफ दिँदै भन्नुभएको थियो, 'मैले पनि यस्तै सुनें । पार्टीमा ६०/४० को भागबन्डा हुनु हुँदैन । यसलाई मैले दुई महिनामा निमिट्यान्न पार्छु ।' उहाँको जवाफले सबै केन्द्रीय सदस्य आश्वस्त भए । त्यसपछि पार्टीमा झन् नराम्ररी ६०/४० को भागबन्डा मौलायो । १२औं महाधिवेशनमा त खुलेर भागबन्डाको वकालत भयो । त्यसपछि त झन् पार्टीमा अहिलेसम्मको संस्थापन पक्षले ६० प्रतिशत नछाड्ने र देउवा पक्षले ४० प्रतिशत नछाड्ने अवस्था देखियो, जुन अहिलेसम्म जारी छ । यही भागबन्डाको असरले कांग्रेसले पार्टीका नीति तथा कार्यक्रमअनुरूप कुनै पनि काम गरेन । त्यो कांग्रेसी कार्यकर्ता प्रत्येकलाई अवगतै छ ।

१५ माघदेखि सुरू १३औं महाधिवेशनको पहिलो चरणमा भएको बुथ अधिवेशनमा संस्थापन पक्षको प्रतिशत र देउवा पक्षको प्रतिशत खुलाएर सञ्चार माध्यममा समाचार बाहिर आएका छन् । नेताहरूले भागबन्डाले पार्टी बिग्रिएको कुरा गर्ने, तर पार्टीको अधिवेशनमा प्यानलै बनाएर होमिने कार्यले भागबन्डाको राजनीति बढ्ला कि घट्ला ? अवश्य बढ्छ । पार्टीमा ऐँजेरू बनेको ६०/४० को भागबन्डा अन्त्यका लागि सबैभन्दा तल्लो तह, क्षेत्र र जिल्लाका पार्टीका उर्वर कार्यकर्ताले हामी कांग्रेस मात्रै हौं, यो या त्यो गुटको वकालत गर्दैनौं भन्न सक्नुपर्छ । पार्टी स्थापना भएर २००७ सालमा प्रजातन्त्र प्राप्तिको आन्दोलनमा होमिँदा कांग्रेस मात्रै थियो, अहिले पनि त्यस्तै हुनुपर्छ भन्न सक्नुपर्छ । विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह र सुवर्ण शमशेरले कहिल्यै पार्टीमा गुटबन्दी गर्नुभएन भन्ने विषयमा प्रत्येक जिल्लाका पार्टी सभापति र महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यहरूले कार्यकर्तालाई बुझाउन सक्नुपर्छ । पार्टी संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो अन्तिम अवस्थामा भन्नुभएको थियो, 'मपछि यो देशमा नेपाली कांग्रेसको इतिहास पनि लेखिँदैन । लेखियो भने तोडफोड गरी मलाई नै दोष दिएर लेखिन सक्छ । त्यसैले कांग्रेसको इतिहास मैले लेख्नुपर्थ्यो तर मैले सकिनँ । अब शैलजाले (शैलजा आचार्य) ले लेख्छे होली, उसलाई सबै कुरा थाहा छ ।' यो विषय कोइरालाको जेल जर्नलमा पनि उल्लेख छ । तर, शैलजाले पनि कांग्रेसको इतिहास नलेखी जानुभयो । तसर्थ कांग्रेसको इतिहास अलिखित छ । इतिहास त लेखिएका छन्, तर बिपी कोइरालाको धारणासँग मेल खाने इतिहासचाहिँ लेखिएको छैन । त्यति मात्रै होइन, बिपी कोइरालाले अन्तिम अवस्थामा अर्को कुरा पनि भन्नुभएको थियो, 'नेपाली कांग्रेसका कार्यकर्तालाई त्यो घडी आउनेछ, अब नेपाली कांग्रेस भन्ने पार्टीलाई कसरी बचाउने ? देशमा देखिएको संकटबाट देशलाई कसरी मुक्त गर्ने ? त्यो वेलामा कांग्रेसका नेता–कार्यकर्ताले आफू जुन ठाउँमा उभिएको छ, त्यही ठाउँको माटो आफ्नो मुठीमा लिएर, सहिद र नेपाल आमालाई सम्झेर जे निर्णय गर्नु छ, गर्नू ।' अहिले त्यही अवस्था आएको छ । तसर्थ सम्पूर्ण जिल्ला सभापति, महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यहरूले पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तर हिमालदेखि दक्षिण तराईसम्म बस्ने कार्यकर्तालाई कन्भिन्स गरी साँच्चै बिपीले भनेका कुरा पालना गर्ने हो भने कांग्रेस सच्चा जनताको पार्टी बन्न सक्छ । सहिदले केका लागि आफ्नो ज्यानको आहूति दिए भन्ने सम्झिएर धर्तीको माटो मुठीमा लिएर विवेकपूर्ण निर्णय गर्नुपर्छ । त्यो घडी अहिले आएको छ । कांग्रेस बचाउने सबैभन्दा ठूलो घडी यही हो । कांग्रेस बचाउने या सिध्याउने परीक्षा पनि हो यो । विवेकपूर्ण निर्णय लिएमा बिपी कोइरालाको सपना पूरा हुन सक्छ । नेपालमा नेपाली कांग्रेस नयाँ युगको सुरूवातसँगै सशक्त शक्ति बनेर उदाउन सक्छ ।


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

**भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी सूचना**

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भुक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नु हुन यो सूचना गरिएको छ ।


# पर्यटक चहलपहल बढ्दै

बनेपा/ इन्धन अभावले सुनसान काभ्रेका पर्यटकीय स्थलमा पर्यटक चहलपहल बढ्न थालेको छ ।

क्षेत्रीय होटेल एसोसिएसन, धुलिखेलका अध्यक्ष प्रेमकण्ठ श्रेष्ठले धुलिखेलका रिसोर्टमा पर्यटक आगमन केही घटे पनि अंग्रेजी नयाँ वर्षदेखि चाप बढ्न थालेको बताएका हुन् । उनले रिसोर्टमा मार्चसम्मका लागि होटेल बुकिङ भएको उल्लेख गर्दै चीन, थाइल्यान्ड, जापान, जर्मनलगायत मुलुकबाट पर्यटक आउन थालेको जानकारी दिए ।

पाल्लेखेत होमस्टे व्यवस्थापन समितिका अध्यक्ष केशव बडालले पनि पछिल्लो समय काभ्रेमा पर्यटक भित्रिन थालेको बताए । 'भूकम्पअघिकै जस्तै पर्यटक चाप नबढे पनि ठप्पै भएको अवस्था छैन,' उनले भने । नमोबुद्ध पर्यटन विकास उपभोक्ता समितिका सचिव कर्सङबज्र लामाले सुनसान पर्यटकीय स्थलमा बिस्तारै पर्यटक आउन थालेको जानकारी दिए ।

धुलिखेलमा मात्रै साना–ठूला गरेर करिब ३५ होटेल तथा रिसोर्ट छन् । पर्यटनका लागि प्रमुख गन्तव्य नमोबुद्ध क्षेत्रबाहेक धुलिखेल, पनौती, काशीभन्ज्याङ, नगरकोट, दोलालघाट, पलाञ्चोक भगवती, नारायणस्थान तिमाल, लाकुरी भञ्ज्याङ, साँगा, कोटतिमाल, दुतिको पहिरो, दाप्चा क्षेत्रलगायतका पर्यटकीय क्षेत्र मानिन्छन् । जिविस धुलिखेलका अनुसार जिल्लामा केही गाविसले ग्रामीण पर्यटन प्रवर्द्धनका लागि सञ्चालन गरेका होमस्टेमा पनि पर्यटक आगमन बढ्न थालको छ । पाल्लेखेत, ढुङखर्क, बल्थली, कुशादेवी, धुलिखेल नगरपालिकामा होमस्टे छन् भने पर्यटकीय पदमार्ग १५ छन् ।


**हार्दिक समवेदना**



जन्म
१९९६ पुस ११

स्वर्गारोहण
२०७२ माग १४

स्व. धनदेवी सापकोटा

हाम्रा परममित्र एवं नेपाल सरकार लोकसेवा आयोगका सचिव श्रीधर सापकोटाकी ममतामयी माता **धनकुमारी सापकोटा**को २०७२ माघ १४ गते ७६ वर्षको उमेरमाअसमायिक निधन भएकोमा हामी मर्माहत भएका छौं । यस दुखद्घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै धैर्यधारण गर्ने शक्ति प्रदान होस् भन्ने कामना समेत भगवानसँग गर्दछौं ।

**देवेन्द्र चुडाल**
**सम्पादक/प्रकाशक**

अभियान साप्ताहिक
ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

# देश विकासको सवाल

*रानी शर्मा तिवारी*

विश्वमा ठुला ठुला देशहरु अहंकारको शिकार हुँदा तिनको सर्वनाश भएको इतिहास छ । त्यसैगरी अहंकारको बलमा शासन सत्ता संचालन गर्ने विश्वका धेरै शासन र शासकहरूको दुःखद अन्त्य भएको छ । नेपालमै पनि अहंकारमा लिप्त राणा शासन होस वा पंचायत ढलेको ईतिहास छ । त्यति मात्र होइन सत्ता वा राज्य अहंकारमा लिप्त हुँदा देशको विकास समेत नकारात्मक रूपमा प्रभावित हुने गरेको छ । नेपालमै पनि राणा शासनको दौरान विकास नगण्य नै भयो । रोमका शासकको अहंकारले अन्ततः रोमको सभ्यता नै समाप्त भयो । अहंकारले बौद्धिकता र दुर दृष्टिलाई समाप्त गर्छ । फलस्वरूप देशका समस्या, देशको विकास लगायतका विषयमा राज्यको ध्यान नै पुग्दैन । देशमा असन्तुष्टि बढ्दै जान्छ जसले अन्ततः देशलाई नै समाप्त पार्ने दिशामा डोऱ्याउन सक्छ ।

नेपालमा राणा शासन समाप्तिपछि आएको प्रजातन्त्र समाप्त पारी आएको पञ्चायतकालमा पञ्चायतको अहंकारले राजनीतिक र सामाजिक रूपमा सत्ता इत्तरका पक्षका कुरा नसुन्ने र तिनलाई कुनै महत्व नदिने प्रवृत्ति अंगिकार गऱ्यो । त्यति मात्र होइन राज्यको ध्यान देशलाई वास्तविक अर्थमा विकासको बाटोमा डोऱ्याउनु भन्दा अहंकारको तुष्टिका लागि ल्याइएका विकास योजनाले वास्तविक रूपमा जनतामा विकासको अनुभूति हुन पाएन । फलस्वरूप एकातर्फ देश विकासको दृष्टिकोणले छिमेकी देशहरूको अनुपातमा निकै पछाडि पऱ्यो भने अर्को तर्फ पञ्चायती व्यवस्था प्रति जनताको असन्तुष्टी बढ्दै गयो र अन्ततः २०४६को आन्दोलनले पञ्चायतको अन्त्य गऱ्यो ।

देशमा प्रजातन्त्र पुनर्स्थापना पछाडि राज्य सत्तामा पुगेका काँग्रेस एमालेमा पलाएको अहंकारले देश विकासको गतिलाई पञ्चायको भन्दापनि सुस्त बनायो । मधेश लगायतका समुदाय तथा अन्य विचारको माग र चाहनालाई बेवास्ता गर्दा एकातर्फ जनतामा असन्तुष्टी फैलिँदै गयो भने अर्को तर्फ माओवादी जनयुद्धको शुरूवात भयो । जनयुद्धको दौरानभएको जनधनको क्षती र विकास निर्माण ठप्प भएको जगजाहेर नै छ । यसै असन्तुष्टीको दौरान सत्तालाई तात्कालिन राजा ज्ञानेन्द्रले आफूमा केन्द्रित गर्दा शुरूमा जनतामा खासै विरोध देखिएन । तर राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा पनि देश विकास भन्दा अहंकार बढी देखिए पछि जनताको असन्तुष्टि बढ्दै गयो र अन्ततः २०६२/६३ को आन्दोलनले देशमा लोकतन्त्रको स्थापना गर्यो । माओवादीलाई पनि मुलधारमा ल्याइयो । त्यस बखत काँग्रेस, एमाले लगायतका सात दलले अहंकार त्यागेर माओवादीसँग सहकार्य गर्दा देशमा जारी हत्या हिंसाको शिलशिला मात्र रोकिएन, देशमा लोकतन्त्र तथा गणतन्त्रको स्थापना समेत भयो ।

तथापी मधेशको भावनालाई समाहित गर्न नसक्दा २०६३ र २०६४ मा भएको मधेश आन्दोलनलाई अहंकारलाई त्याग्दै राज्यले सम्बोधन गर्यो । त्यस कालमा विभिन्न विकासका योजनाहरु समेत अगाडि बढ्यो र देशले आर्थिक विकासको दिशामा फड्को मार्ने संकेतहरु पनि देखिए । तर, दोस्रो संविधानसभासम्म आई पुग्दा काँग्रेस एमालेमा फेरि अहंकार पलाउँदै गयो । दोस्रो संविधानसभामा हात परेको अप्रत्याशित जीतलाई उत्साह र जिम्मेवारीमा रूपान्तरण गर्नुको सट्टा अहंकारमा बदलियो ।

मधेशमा ५ महिनादेखि जारी आन्दोलनलाई सम्बोधन नगरी छिमेकी देशलाई गाली गर्दै जिम्मेवारीबाट पन्छिने जुन शैली सरकारले अपनाएको छ, यो अहंकार नै हो । देश भित्रका मधेशी, आदिवासी जनजाति, मुस्लिमलगायतका सीमान्तकृत समुदायलाई अहंकारको बलमा पेलेर अगाडि बढ्दा देश अस्त व्यस्त भएको छ । त्यति मात्र होइन छिमेकीहरूसँग सौहार्द्रपूर्ण सम्बन्ध कायम गरी देशको विकास र स्थायित्वमा उनीहरूको सहयोग कसरी लिन सकिन्छ भन्ने दिशामा सोच्नुको सट्टा देश भित्रको समस्याबाट पन्छिन छिमेकीलाई गाली गरेर सम्बन्ध चिस्याउने काम गरिरहँदा देशको छवी मात्र बिग्रिएको छैन, देश विकासलाई पनि दीर्घकालीन असर परिरहेको छ । सत्ताधारीहरूको अहंकारका कारण मधेशमा जारी आन्दोलनलाई तत्काल समाधानको दिशामा लगेर देश विकासमा अग्रसर हुननसक्दा देशका उद्योग व्यवसाय धरासायी हुने अवस्थामा पुगेका छन् ।

अहंकार त्याग गरी मधेश लगायतका सम्पूर्ण समुदायलाई सम्मान र समान अधिकारका साथ एकजुट बनाएर अगाडी बढ्न सके देशलाई विकासको दिशामा अगाडि बढाउन सकिन्छ । देशमा स्थापना हुने बृहत राष्ट्रिय एकताले मात्र देशलाई मजबुत र एक ढिक्का पार्न सक्छ । अहंकारले देश भित्रका विभिन्न समुदायबिच द्वेष सिर्जना गरिरहेको छ जसले अन्ततः देशलाई कहिले समाप्त हुन नसक्ने साम्प्रदायिक द्वन्द्वतर्फ धकेलीरहेको छ । यसले देश विकासलाई मात्र असर पार्ने होईन, देशलाई गृहयुद्धमा समेत धकेल्न सक्ने खतरा बढिरहेको छ । अर्को तर्फ हामीले छिमेकीसँग अहंकारपूर्ण व्यवहार गर्दा त्यसले समेत हाम्रो अन्तर्राष्ट्रिय छवी र विकासलाई नकारात्मक प्रभाव पारिरहेको छ ।

हामीले भारतलाई जति गाली गरे पनि हामीसँग प्रचुर सम्भावना रहेको जल विद्युत निकासी भारतमै हुनसक्छ । अर्को अर्थमा हाम्रो राम्रो सम्भावना रहेको जलविद्युतको ग्राहक भारत नै हो । अर्को तर्फ यातायात, सामाजिक, सांस्कृतिक र भाषागत सामिप्यताका कारण पनि भारतबाट पारवहन र व्यापार दुईटै सहज छ । चीनसँग पनि सुमधुर सम्बन्ध हुनै पर्छ । तर चीनको बाटोको घुर्की देखाएर भारतसँग जोरी खोज्नु मुर्खतापूर्ण कदमबाहेक केही होइन । हामीले अहंकार त्याग गरेर दुईवटै छिमेकीसँग राम्रो सम्बन्ध कायम गर्न सक्यौं भने विश्वकै उच्च आर्थिक वृद्धिको क्रममा रहेका हाम्रा दुई छिमेकी उदयीमान विश्व शक्ति चीन र भारतको आर्थिक उन्नतिबाट धेरै फाइदा लिन सक्छौं, साथै तिनको सहयोगमा नेपाललाई समेत उच्च आर्थिक विकासको दिशामा अग्रसर गराउन सक्छौं ।

*(मधेश दर्पण फिचर सेवा)*


## नेपालको संविधानमा पिछडा वर्गको अधिकार

**नेपालको संविधानमा पिछडा वर्गको हक अधिकार देहाय बमोजिम रहेको छ ।**

- ♦ सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- ♦ आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- ♦ सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका पिछडा वर्ग लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- ♦ सामाजिक रूपले पछाडि परेका पिछडावर्ग समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- ♦ आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- ♦ उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- ♦ सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- ♦ समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- ♦ पिछडा वर्ग समेतको हक अधिकारको संरक्षणका लागि सवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- ♦ नेपाली सेनामा पिछडा वर्ग समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- ♦ नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- ♦ सवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


## vnsb

## लिसेस्टर शीर्ष स्थानमै, आर्सनललाई धक्का

लन्डन । प्रिमियर लिग लिडर लिसेस्टर सिटीले प्रभावशाली प्रदर्शन कायमै राखेको छ । लिसेस्टरले शीर्ष स्थानमा स्थान पडक बलियो पर्ने क्रममा मंगलबार राति लिभरपुललाई २–० ले पराजित गऱ्यो । लिसेस्टरको जितमा दुवै गोल जिमी भर्डीले गरेका हुन् ।

लिभरपुलविरूद्ध पहिलो हाफ बराबरी खेलको लिसेस्टरले दोस्रो हाफमा दुई गोल गर्दै जित निकाल्यो । जारी सिजनमा सबैभन्दा बढी गोलकर्ता भर्डीले



६० र ७१औं मिनेटमा गोल गरे । जारी लिगमा भर्डीले १८ गोल गरिसकेका छन् । जितपछि २४ खेलबाट ५० अंक जोडेको लिसेस्टरले दोस्रो स्थानको म्यानचेस्टर सिटीसँग स्पष्ट तीन अंकको अग्रता लिएको छ ।

उपाधि होडमा रहेको म्यानचेस्टर सिटीले रेलिगेसन जोनमा रहेको सन्डरल्यान्डमाथि १–० को संघर्षपूर्ण जित निकाल्यो । जितमा अर्जेन्टिनी स्ट्राइकर सर्जियो अग्युरोले १६औं मिनेटमा गोल गरे । खेलमा सन्डरल्यान्डका कोनको प्रहारलाई सिटीका गोलकिपर जोय हार्टले विफल पारे भने बेली जेन्सको प्रहार पोलमा लागेको थियो ।

उपाधि होडमै रहेको अर्को क्लब आर्सनललाई भने धक्का लागेको छ । आर्सनल र साउथह्याम्टनले गोलरहित बराबरी खेल्दै अंक बाँडेका हुन् । बराबरीपछि आर्सनल दुई स्थान तल झरेको छ । नर्विचलाई ३–० ले पराजित गरेको टोटनह्याम तेस्रो स्थानमा उक्लियो ।

## न्युजिल्यान्डको रवाफ

अस्ट्रेलियाविरूद्धको तीन एकदिवसीय सिरिजको पहिलो खेलमा घरेलु टोली न्युजिल्यान्डले रवाफिलो जित दर्ता गराएको छ । अकल्यान्डस्थित इडेन पार्कमा भएको खेलमा न्युजिल्यान्डले भ्रमणकारी टोली अस्ट्रेलियालाई १५९ रनको फराकिलो अन्तरले पराजित गऱ्यो । न्युजिल्यान्डले दिएको ३ सय ८ रनको लक्ष्य पछ्याएको अस्ट्रेलिया २४.२ ओभरमा १ सय ४८ रनमा अलआउट भयो ।

टस हारेर ब्याटिङ गरेको न्युजिल्यान्डका ओपनिङ जोडीले पहिलो विकेटका लागि ७९ रनको साझेदारी गरे । कप्तान ब्रेन्डन म्याकुलम ४४ रन जोड्दै आउट भए । जेम्स फल्कनरबाट म्याकुलम बोल्ड भएलगत्तै केन विलियम्सन पनि शून्यमा पेभिलियन फर्के । ध

विलियम्सन आउटपछि ओपनर मार्टिन गुप्टिल र हेनरी निकोल्सले तेस्रो विकेटका लागि सय रनको साझेदारी गरे । न्युजिल्यान्डका लागि सबैभन्दा बढी ९० रन जोडेका गुप्टिलले ८ चौका र ५ छक्का प्रहार गरे ।



निकोल्सले पनि ६१ रनको अर्धशतकीय योगदान गरे । मध्यक्रमका ब्याट्सम्यान ग्रान्ट इलियट २१, कोरी एन्डर्सन १० र लुक रोन्ची १६ रनमा आउट भए । मिचेल सान्टनरले नटआउट ३४ र एडम मिल्नेले १४ रनको योगदान गरेपछि न्युजिल्यान्डले निर्धारित ओभरमा ८ विकेट गुमाएर ३०७ रन जोड्यो । बलिङतर्फ अस्ट्रेलियाका जोस ह्याजलउड, फल्कनर र मिचेल मार्सले २–२ विकेट लिए ।

जवाफी ब्याटिङ थालेको अस्ट्रेलियाको ओपनिङ खराब रह्यो । ओपनर माइकल साउन दोस्रो ओभरमा ५ रन बनाउँदा पेभिलियन फर्के । यस्तै, कप्तान स्टेभन स्मिथ १८ रन बनाउँदा मार्ट हेनरीबाट बोल्ड भए । लगत्तै ओपनर डेभिड वार्नर १२ रनमा ट्रेन्ट बाउल्टको एलबिडब्लुको धरापमा परेपछि अस्ट्रेलिया दबाबमा आयो । त्यसपछि पनि अस्ट्रेलियाको विकेट पतन रोकिएन । जर्ज बेली २ रनमा आउट हुँदा ग्लेन म्याक्सवेल र मिचेल मार्स खाता नै खोल्न नपाई पेभिलियन फर्के । पुछारका ब्याट्सम्यान म्याथ्यु वाडेले ३७ र फल्कनरले ३६ रन जोडे ।

अस्ट्रेलियाको इनिङ ध्वस्त पार्ने क्रममा न्युजिल्यान्डका तीव्र गतिका बलरले उत्कृष्ट प्रदर्शन गरे । ट्रेन्ट बाउल्ट र मार्टले अस्ट्रेलियाका सुरूवाती ६ विकेट लिए ।

# /Elg va/



## करिश्माको फागुमा शिल्पाको एक्सन

अभिनेत्री करिश्मा मानन्धरले सम्फना उप्रेती रैनियारको निर्देशनमा निर्माण गरेको 'फागु'मा शिल्पा पोखरेल एक्सन अवतारमा प्रस्तुत भएकी छिन् । यसअघि छविराज ओझाको 'हवलदार सुन्तली'मा पनि एक्सन भूमिकामा देखिएकी शिल्पालाई फागुमा अझ सशक्त एक्सनमा देख्न पाइने निर्देशक रैनियार बताउँछिन् ।

७ फागुनमा प्रदर्शन हुन लागेको फिल्ममा शिल्पाका साथै राजेश हमाल, गौरी मल्ल, टीका पहाडी, प्रमोद अग्रहरि, नवअभिनेता सुवास पराजुली प्रमुख भूमिकामा छन् । रामशरण उप्रेतीले खिचेको फिल्मको कोरियोग्राफी कमल राईले गरेका हुन् । वसन्त सापकोटाको संगीत, हिमाल केसीको द्वन्द्व निर्देशन र रामजी लामिछानेको पार्श्व संगीत रहेको फिल्मका निर्माता विनोद मानन्धर हुन् ।

## सुरजको भिडियोमा सुष्मा



सञ्चारकर्मी सुरज पौडेलले गाएको 'गोलीले लागेझैं' बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । 'मनको खुसी' एल्बममा समावेश सो गीतको भिडियो शंकर अधिकारी घायलको निर्देशनमा बनेको हो ।

सुरज आफैंले लेखेको सो गीतमा भीषण राईको संगीत छ । भिडियोमा अभिनेत्री सुष्मा कार्की र केवल भुजेलले अभिनय गरेका छन् । प्रदीप ज्ञवालीले कोरियोग्राफी गरेको भिडियो रामेश्वर हुमागाईंले खिचेका हुन् ।

## बाल राष्ट्रिय गीत सम्मेलन सम्पन्न

'बाल राष्ट्रिय गीत सम्मेलन- ०७२' सोमबार प्रज्ञा भवनमा सम्पन्न भएको छ । प्रधानमन्त्री तथा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संरक्षक केपी ओलीले उद्घाटन गरेपछि सम्मेलन सुरु भएको थियो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको संगीत विभागद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले राष्ट्रकवि माधवप्रसाद घिमिरेजस्ता पुराना पुस्ताका व्यक्तित्वद्वारा रचित गीतमा बालबालिकाको नृत्य प्रस्तुतिले राष्ट्रियताको भावनालाई पुस्ता-पुस्ताबीच जोडेको अभिव्यक्ति दिए । आयोजक संस्थाका कुलपति सरुभक्तले बालबालिकाको सांस्कृतिक चेतनालाई अभिवृद्धि गरी देशप्रतिको भावनालाई जागृत गराउन प्रतिष्ठानले यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए ।

विभिन्न २० विद्यालयका राष्ट्रिय भाव झल्काउने गीत तथा नृत्य प्रस्तुत गरेको कार्यक्रममा नेपाली वीरका छोराछोरी हौं, मेचीकालीका, हाम्रो सानो मुटुमा संसार अटेको छ, हिमाल-पहाड-तराई, नेपाल हाम्रो देश, मेरो प्यारो देश, हिमालको छानो नेपाल बोलका गीत तथा यो झन्डा, यो झन्डा, फर्की आऊ शान्ति तिमी, यो नेपाली शिर उचाली संसारमा लम्कन्छ, जहाँ सुनका बाला झुल्छन्लगायतका गीतमा बालबालिकाले नृत्य प्रस्तुत गरेका थिए ।

संस्थागत विद्यालयहरूको संगठन 'ओपिएस'का अध्यक्ष लोकेन्द्रबहादुर खड्काले यसप्रकारका कार्यक्रमले विद्यार्थीमा राष्ट्रियताको भावना जागृत गराउने राय राखेका थिए । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री बलबहादुर महत, राष्ट्रकवि माधवप्रसाद घिमिरे, संस्कृतिविद् डा. सत्यमोहन जोशी, शम्भुजित बास्कोटा, गणेश रसिक, मोदनाथ प्रश्रितलगायतका वरिष्ठ व्यक्तित्वहरु उपस्थित थिए ।

## आजबाट कसैलाई नभन्नु

अन्तरजातिय प्रेमकथामा निर्माण गरिएको फिल्म कसैलाई नभन्नु आजदेखि देशभर प्रदर्शनमा आउँदैछ । नवनिर्देशक मन्दिप रानाको निर्देशनमा शिबहरि रेग्मी निर्माता रहेको फिल्ममा किशोर केसी, आयुष्मा कार्की, देशभक्त खनाल, दिनेश



शर्मा, शिबहरि रेग्मीलगायतको अभिनय छ ।

फिल्ममा कसैलाई नभन्नु, आँखा वरिपरी, आजभोली र चम्पाकली बोलका चार गीत छन् । भीम बिसी,रामचन्द्र श्रेष्ठ र उदय बोहोराको शब्द तथा संगीत रहेको फिल्मका गीतमा प्रमोद खरेल, शिव परियार, मानिका विसी र रेश्मा पुनको स्वर छ ।

## सञ्जय लेखे धर्सो



कथालय प्रकाशनको वी रिडले समसामयिक विषयमा केन्द्रित सञ्जय अधिकारीको उपन्यास 'धर्सो' प्रकाशन गरेको छ । यो सञ्जयको पहिलो किताब हो । धर्सोमा तराईका नेपालीको सामाजिक भेदभावलाई प्रस्ट्याउन खोजिएको प्रकाशकले जनाएको छ ।

उपन्यास एन्ड्रोएड, आइओस तथा विन्डोजमा वी रिड एप्लिकेसनमा पनि उपलब्ध भएको प्रकाशकले जनाएको छ । धर्सो वी रिडको दसौं प्रकाशन हो । तर, वी रिडले विभिन्न एप्लिकेसनमार्फत नेपालका १० प्रकाशकका तीन सयभन्दा बढी पुस्तक बिक्री गर्दै आएको छ । धर्सोका लेखक सञ्जय अधिकारी पेसाले शिक्षक हुन् ।

## निमालाई मिस तामाङ

मिस तामाङ- २०१६ को उपाधि निमा तामाङले जितेकी छिन् । ध२८५२औं सोनम ल्होसारको अवसरमा बैदाम तामाङ समाज, पोखराले आयोजना गरेको प्रतियोगितामा लेकसाइडकी निमाले मिस पर्सनालिटीसहित शीर्ष उपाधिका साथमा नगद २० हजार तथा विभिन्न गिफ्ट प्राप्त गरिन् ।

प्रतियोगितामा मुना स्याङ्बो तामाङले भियुअर्स च्वाइस र बेस्ट कस्टयुमसहित फर्स्ट रनरअपको उपाधि जितिन् । उनले नगद १५ हजार र विभिन्न पुरस्कार प्राप्त गरिन् । त्यसैगरी, मिस ट्यालेन्टसहित गीता लामाले सेकेन्ड रनरअपको उपाधि जितिन् । आयोजकले उनलाई नगद १० हजार तथा विभिन्न उपहार प्रदान गरेको थियो ।

प्रतियोगितामा डोल्मा लामाले मिस कन्फिडेन्ट, जानुका घिसिङ तामाङले ब्युटिफुल स्किन तथा स्माइल, आश्मा लामाले मिस ब्युटिफुल, विपना लामाले मिस फोटोजेनिक, सोनी योञ्जन तामाङले मिस डिसिप्लिन, जिना तामाङले ब्युटिफुल हेयर, उत्साह लोप्चान तामाङले बेस्ट तामाङ ल्यांग्वेज, मनीषा तामाङले क्याटवाक र सोनी दोङ तामाङले मिस पर्फमरको उपाधि प्राप्त गरे ।

पूर्वमिस नेपाल नीलिमा गुरुङ, नेपाल तामाङ घेदुङ कास्कीका निवर्तमान अध्यक्ष दीपक वाइबा तामाङ, गीतकार तीर्थ तामाङ, सौन्दर्यविद् चिनु गुरुङ, फेवा टेलिमिजनका मार्केटिङ म्यानेजर उदीपराज ढुंगाना, कार्यक्रमका सहसंयोजक जयन्ती मोक्तान र लोप्साङ लामा निर्णायक रहेको प्रतियोगिताले तामाङ समुदायका युवतीको प्रतिभा प्रस्फुटनमा मद्दत गरेको कार्यक्रम संयोजक जेसिका तामाङको दाबी छ ।

# skf/6

## एनआइबिएलका कार्डबाहकलाई थप सुविधा

नेपाल इन्भेष्टमेन्ट बैंकले पेमेन्ट कार्ड इन्डस्ट्री डेटा सेक्युरिटि स्टान्डर्ड (पिसिआइडिएसएस) को ३.१ संस्करणमा प्रमाणित भई कार्डबाहकलाई थप सुरक्षणको सुविधा दिने भएको छ । पिसिआइडिएसएस संसारभरिमा कार्डबाट सुविधा लिने कार्ड डेटा सेक्युरिटी स्ट्यान्डर्डमा सबैभन्दा उच्चतम सुरक्षाको तह हो ।

कार्डबाट कारोबार गर्दा विभिन्न प्रकारका असुरक्षित अवस्था सिर्जना हुनबाट पिसिआइडिएसएसको सेक्युरिटी स्टान्डर्डले न्यूनीकरण गर्न सक्ने बैंकले जनाएको छ । बैंकका कार्डबाहकले पिसिआइडिएसएसको नयाँ संस्करणमा थप, भरपर्दो र सुरक्षित कारोबार गर्न सक्नेछन् । बैंकले हालै इएमभी चिपमा आधारित कार्ड पनि सुचारू गरिसकिएको बताइएको छ ।

## दिक्तेलमा सगरमाथाको शाखा

ललितपुरमा मुख्य कार्यालय रहेको सगरमाथा फाइनान्सले खोटाङ सदरमुकाम दिक्तेलमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । खोटाङसहित कम्पनीका शाखा सञ्जाल ९ पुगेका छन् । कम्पनीका अध्यक्ष मदनकुमार राईले दिक्तेल शाखा कार्यालय उद्घाटन गरेका थिए ।

कम्पनील छिटै ओखलढुंगा, काठमाडौं उपत्यका र अन्य सम्भाव्य स्थानमा शाखा खोल्ने तयारी थालेको बताएको छ । कम्पनीको हाल निक्षेप करिब २ सय ९० करोड र कर्जा २ सय २० करोड रुपैयाँ छ ।

## एनबी इन्स्योरेन्सको मुख्य कार्यालय नक्सालमा

एनबी इन्स्योरेन्स कम्पनीको केन्द्रीय कार्यालय शान्तमार्ग, कमलादी, काठमाडौंबाट नक्सालस्थित नारायणचौरमा स्थानान्तरण भएको छ । कार्यालय स्थानान्तरण अवसरमा कम्पनीका प्रमुख लगानीकर्ता, बैंक, वित्तीय संस्थाका प्रतिनिधि तथा बिमा कम्पनी प्रमुखलगायत पदाधिकारी सहभागी थिए ।

कार्यक्रममा कम्पनीका कामु प्रमुख कार्यकारी अधिकृत युगेशभक्त वादे श्रेष्ठले चालू आवको दोस्रो त्रैमासिकसम्म १० करोडभन्दा बढी बिमाशुल्क आर्जन गर्न सफल भएको बताए । उनले बन्द सबै शाखा तथा सम्पर्क कार्यालयलाई क्रमशः सञ्चालन गरिँदै जाने कार्यक्रममा जानकारी दिए ।

## महालक्ष्मीस्थानमा भिबोरको शाखा

भिबोर विकास बैंकले ललितपुरको महालक्ष्मीस्थानमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । महालक्ष्मीस्थानसहित बैंकका शाखा सञ्जाल १२ पुगेका छन् । शाखा उद्घाटन बैंक सञ्चालक सुश्री मिला सायमीले गरेकी थिइन् ।

बैंकले यो आवको पहिलो ६ महिनासम्म ५ अर्ब ५० करोड निक्षेप संकलन गरी ४ अर्ब ३१ करोड कर्जा लगानी भएको जनाएको छ ।

## डेभलपमेन्ट बैंकर्स एसोसिएसन र एनबिआइबीच सम्झौता

डेभलपमेन्ट बैंकर्स एसोसिएसन र नेसनल बैंकिङ इन्स्टिच्युट (एनबिआई)बीच विकास बैंकमा कार्यरत जनशक्तिलाई विभिन्न विषयमा विशेषज्ञद्वारा तालिम, गोष्ठी, सेमिनार र छलफललगायतका कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

सम्झौतापत्रमा एसोसिएसनका अध्यक्ष कृष्णराज लामिछाने र एनबिआईका प्रमुख कार्यकारी अधिकृत सन्जीव सुब्बाले हस्ताक्षर गरेका हुन् ।

सम्झौतापछि एनबिआई विकास बैंकमा कार्यरत कर्मचारीलाई व्यवस्थापकीय ज्ञान र सीप अभिवृद्धिका लागि तालिम दिनेछ ।

त्यस्तै, एनबिआईले विकास बैंकलाई प्रोसेस रिइन्जिनियरिङ, नीति तथा कार्यविधि तयार गर्न आवश्यकताअनुसार परामर्श पनि प्रदान गर्नेछ ।

## माछापुच्छ्रे-संसाराबीच रेमिट्यान्स सम्झौता

माछापुच्छ्रे बैंक र संसारा रेमिटबीच रेमिट्यान्स सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका नायब महाप्रबन्धक सुमन शर्मा र संसाराका कार्यकारी उपाध्यक्ष जीवनबाबु श्रेष्ठले हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि विभिन्न मुलुकबाट संसारा रेमिटमार्फत स्वदेशमा पठाएको रकम माछापुच्छ्रेका सबै शाखाबाट ग्राहकले भुक्तानी लिन सक्नेछन् ।


Sajha Express (p.) Ltd.
Domestic & INT 'L Courier Cargo Service

Head Office
Hanumansthan, Anamnagar
Po Box 14189 Kathmandu,
Nepal, Tel .4230789 ,4230269

Branch Office
Barnwal Market, Birgunj
Hari Panta (Branch Manager),
Tel. 051-526809 , 9855021524

## सबैभन्दा...

सक्ने र यदि त्यसो हुन नसकेको खण्डमा कांग्रेसको नयाँ आउने नेतृत्वको नेतृत्वमा सरकार निर्माण हुनसक्ने उद्घोष गरेपछि फेरि एकपल्ट राजनीतिक रूपमा सरकार कमजोर भएको छ । दहालले हालै आफ्नो पार्टी कार्यालयमा पत्रकार सम्मेलन नै गरेर भने, आफू प्रधानमन्त्री हुनका लागि राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने नभएको भन्दै अहिलेकै अवस्थामा आफूलाई प्रधानमन्त्रीको लोभ नभएको बताएका भएपनि उनी भित्रभित्रै प्रधानमन्त्रीको दौडमा लागिपरेका छन् ।

त्यसैक्रममा उनले भारतले लगाएको अघोषित नाकाबन्दी नखलेसम्म प्रधानमन्त्री ओलीले भारत भ्रमण गर्नु नहुने बताए पनि उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा भने दाहालले प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको वातावरण मिलाउन राजनीतिक संयन्त्रको अध्यक्षको हैसियतले आग्रह गरेका थिए । यसरी एक दिन एउटा कुरा बोल्ने अर्को दिन अर्को कुरा बोल्ने गरेका हुनाले केही बुद्धिजिवीहरूले दाहललाई पिँध नभएको लोटासम्म भन्ने गरेका छन् । संविधान निर्माण अघि आफूले भारतीय नेताहरूलाई कुनै आश्वासन नदिएको बताउँदै आएका दाहालले हालै पत्रकार सम्मेलन नै गरेर आफूले कुनै आश्वासन नदिएको बताएपनि केही भारतीय नेता र सञ्चार माध्यमहरूले भने दाहालले हिन्दू राष्ट्र कायम गर्ने आश्वासन दिएका समाचारहरू प्रकाशित भएका थिए र अहिले पनि छन् । यसरी प्रत्येक पलमा कुरा फेर्ने दाहालको प्रवृत्तिले उनले भनेका कुरा पत्याइहाल्ने अवस्था भने देखिएको छैन । अवस्था र भीड हेरेर दाहालको बोल्ने प्रवृत्तिले गर्दा उनी सबैभन्दा बढी ढँटुवा नेताका रूपमा समेत चिनिएका छन् ।

## सुमार्गीलाई...

भागबण्डामा सहभागी भयो भने यो ११ अर्व रोक्का रकम निकासा हुनेछ ।

निकासा गराउन अजय सुमार्गीले ठूला सबै दलका निर्णायक तहसम्म प्रभाव पार्न थालेका छन् । चाहिने नक्कली कागजात तैयार गरिरहेका छन् । राष्ट्र बैंकको आशंका छ, कतै यो पैसा आतंककारी अथवा माफियाको कालो धन त होइन । स्मरणीय के भने आइलेण्ड र साइप्रसमा कुनै पनि रकमको स्रोत खोजिदैन । यसकारण पनि यति ठूलो धनराशी कुनै व्यक्तिको नाममा आउनु भनेको कालोधन नै हुनुपर्छ भन्ने शंका बढेर गएको छ ।

अजय सुमार्गीले विदेशी लगानी भित्र्याउनका लागि कुनै त्यस्तो उद्योगको इजाजत लिएका छैनन्, न त लगानी आउँदैछ भनेर नेपाल सरकारलाई जानकारी नै दिएका छन् । तर, उनकै नाममा पहिले ३ अर्व नेपाल आयो, अहिले ११ अर्व आएको छ । अख्तियार, राष्ट्र बैंक, संसदको सार्वजनिक लेखा समिति र सीआइवीले यो रकमका बारेमा पूर्ण जानकारी लिएर जनतालाई सुसूचित गर्नु उचित हुनेछ । अन्यथा भर्खर लोकतान्त्रिक गणतन्त्र नेपाल बिस्तारै संस्थागत हुन लागेका बेलामा कालोधन र माफियाकरण यसरी बढ्दै गयो भने त्यो बिधिसम्मत शासनव्यवस्थाका लागि खतरनाक पनि हुनसक्छ । अर्थविदहरू भन्छन् : यो गम्भीर मामिला हो ।

यतिखेर गभर्नरलाई ठाडो दबाब दिने काम उद्योगमन्त्री सोमप्रसाद पाण्डेले गरिरहेका छन् । यो वैदेशिक लगानी हो, यस्तो लगानीलाई बढी सोधखोज गर्ने होइन, आएको रकम निकासा दिनुपर्छ भनेर गभर्नरलाई अप्ठेरामा पारिरहेका छन् । भनिन्छ, यसमा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको समेत समर्थन छ । अर्थमन्त्री त अर्थविज्ञ नै होइनन्, उनका लागि प्रधानमन्त्रीको आदेश नै लालमोहर हो ।

नेपालका कुनै पनि बैंकमा सामान्य जनताले खाता खोल्नसमेत नागरिकता देखाउनु पर्छ, तीनपुस्ते पारिवारिक फर्म भर्नुपर्छ र १० लाखभन्दा बढी वैंकमा राख्नु परेमा त्यो रकमको स्रोत खुलाउनु पर्छ । तर यी सुमार्गी कस्ता व्यक्ति हुन्, जसका नाममा विदेशबाट ११ अर्व आएको छ र त्यो पैसाको स्रोत सरकार खोजिरहेको छैन । यसको अर्थ नेपालमा द्वैध शासन छ, लोकतन्त्र होइन, लूटतन्त्र छ । कतै सुमार्गी विदेशीको कालोधनलाई सेता पार्ने धन्दा त चलाईरहेका छैनन्, अथवा नेपालीकै कालोधनलाई विदेशी लगानी बनाएर सेता पारिरहेका त छैनन् ? सम्पत्ति सुदृढिकरण विभाग के हेरिरहेको छ ?

## सहकारीले...

मञ्जुरी दिएका छन् । स्मरणीरहोस्, ओली नेतृत्वको एमाले पार्टीका सम्माननीय व्यक्ति हुन् मनमोहन अधिकारी । तर प्रश्न उठेको छ, सहकारीले नाफामुलुक मेडिकल कलेज चलाउने अनुमति पाएपछि देशमा रहेका ३४ हजार सहकारीहरूले प्रतिष्ठान बनाउँदै मेडिकल कलेज चलाउने इजाजत मागे संसदले कसरी रोक्न सक्छ ?

डा.गोविन्द केसीले मेडिकल शिक्षा विधि निर्माण गर्न ७ पटक अनसन बसिसकेका छन् । नेपाल सरकारले नै केदारभक्त माथेमाको आयोग बनाएर रिपोर्ट बुझिसकेको छ । सरकारले विधि बनाएरमात्र मेडिकल कलेज सञ्चालन गर्न दिने सहमति गरिसकेपछि चोरबाटोबाट मनमोहन मेडिकल कलेजलाई मात्र प्रतिष्ठानको आडमा कसरी इजाजत दिने हो, यो मुद्दा अरू पेचिलो बन्दै गएको छ । आश्चर्य त के पनि छ भने प्रतिष्ठानको सम्पत्ति स्वतः नेपाल सरकारको हुनुपर्ने हो । त्यस्तो विधि विधेयकमा अपनाइएको छैन । नितान्त एमालेको जोडबलमा द्रुतगतिमा संविधान जारी भएजस्तै मनमोहन मेडिकल कलेजलाई इजाजत दिने तयारी भइरहेको छ ।

डा. गोविन्द केसीको पक्षमा विश्वव्यापी हस्ताक्षर अभियान चलेको छ र नेपालभित्रै विज्ञहरूले पहिले विधि बनाउन दबाब दिइरहेका छन् । तर बहुमतको सरकार बनाएको एमालेले त्यही बहुमतको आधारमा मेडिकल कलेजलाई सम्बन्धन दिलाउन जोडबल लगाइरहेका छन् । डा.गोविन्द केसी आठौंपटक अनसन बस्ने हो भने धादिङवासी एमाले कार्यकर्ता २० हजारलाई अनसनमा राख्ने तयारी पनि एमालेले गरिरहेको छ ।

## भट्टराईको कदम...

ओली नेतृत्वको सरकार र त्यसमा सहभागी आफ्नो पार्टीका मन्त्रीहरूको बचाउ मात्र गरेका थिएनन्, अहिलेको अवस्थामा सरकारले सकारात्मक काम गरेको बताएका थिए । पर्टीको आन्तरिक बैठकमा समेत आफ्नो पार्टीबाट मन्त्री भएकाहरूविरूद्ध नकारात्मक टिप्पणी नभएको उद्घोष गर्दा त्यहाँ उपस्थित भएका उनकै पार्टीका कार्यकर्ताहरूमा हाँसोको फोहरा नै फुटेको थियो । केही दिन पहिला अध्यक्ष दाहालले आफ्नो पार्टीबाट मन्त्री बनेकाहरूले कुनै ठोस काम गर्न नसकेको बताउँदै जनताको पक्षमा काम गर्न नसके पार्टीले फिर्ता बोलाउने चेतावनी दिएका थिए । तर त्यसको केही दिनमै सरकार र आफ्ना मन्त्रीहरूले सकारात्मक काम गरेको उद्घोष गर्नु दाहालका लागि के बाध्यता पऱ्यो ? एक केन्द्रिय सदस्यले बताए । यसरी दाहालले सरकारको तारिफ गरेपछि ओली सरकारलाई केही राहत भएपनि जनता भने ओली नेतृत्वको सरकारबाट निराश नै भएका छन् ।

## प्रधानमन्त्री...

भएर भारतका सामु कुरा राख्न सक्लान् ? त्यसै पनि हँसीमजाकमा प्रधानमन्त्री चलाइरहेका ओलीको सय दिन सित्तैमा खेर गएको निष्कर्ष निस्किरहेको अवस्थामा ओलीको भारत भ्रमण खासै उपलब्धिमुलक नहुने विश्लेषकहरूको धारणा रहेको छ ।

ओलीले पहिले चीन जान्छु भनेर घुर्क्याउनु र बाध्य भएर भारतको भ्रमण गर्ने तयारी थाल्नुले भारतले ओलीलाई खासै महत्व नदिने निश्चित छ । त्यसै पनि मधेसी मोर्चासँग कुरा मिलिरहेको छैन र उत्तरप्रदेश र विहारले समेत २४ लाख भारतीय महिलाहरू विवाह गरेर नेपाल आएकाले हाम्रो सरोकार छ भनेर मधेसको कुनै पनि सवालमा साथ दिने बताएर नेपालमाथि हमलाको मूड बनाइसकेको छ । यसकारण पनि ओली भारत जानेछैनन् अथवा गइहाले पनि रित्तो हात फर्कनेछन् । नाकावन्दीको खिचलो लामो समयसम्म चलिरहने र नेपालको अर्थतन्त्र अस्तव्यस्त पारेर भारतले सवक सिकाउने मनस्थिति बनाएको भान हुँदैछ ।

## जुवाको...

त्रिपाठी, कविर केसी, देव गुरूङ, गोविन्द महर्जन र कुमार लामिछाने छन् ।

जुवा खालबाट प्रहरीले ठूलो मात्रामा पैसा त बरामद गऱ्यो, त्यसका साथै चेकहरूसमेत बरामद गरेको छ । 'जुवाडेहरू चेकबुक नै लिएर खेल्न बस्दा रहेछन्,' डिएसपी रिजालले भने, 'प्रहरी छापा हान्न आएको थाहा पाएपछि चेक च्यातेर फालेका थिए ।' ठूलो हारजित हुने भएकाले यसरी चेकबाटै लेनदेन हुने गरेको हो । पक्राउ परेकाहरू सबैजसो पेसेवर जुवाडे छन् ।

तीन महिनाअघि प्रहरीले गौशालामा छापा मारी पेसेवर जुवाडेहरूलाई पक्राउ गरेको थियो । त्यहाँ क्यासिनोकै शैलीमा जुवा खेलाइन्थ्यो । मंगलबार नयाँबजारमा छापा मारिएको अखडामा पनि क्यासिनोकै शैलीमा जुवा खेलाउने गरिएको थियो । क्यासिनोहरू बन्द भएपछि राजधानीमा साना जुवा अखडाहरू बढेका हुन् । राजधानीमा पछिल्लो समय केही क्यासिनो खुले पनि नेपालीलाई प्रवेशमा निकै कडाइ छ । त्यसकारण एकान्त घरहरूमा फ्ल्याट भाडामा लिएर जुवा खेलाउने प्रवृत्ति बढेको छ ।

## गणतन्त्र...

कारबाही भोग्नुको बदला गणतन्त्रलाई हतियार बनाएर कानुनी राज्यको उपहास गर्ने अधिकार कसैलाई छैन । सत्य निरूपण तथा मेलमिलाप आयोगले अदालतले दोषी करार गरिसकेका व्यक्तिलाई उन्मूक्ति दिन सक्दैन । आयोगले पीडित र पीडक दुवैलाई एकैसाथ राखेर उनीहरूको कुरा सुन्नसक्छ, तर पीडितले सहमति नजनाएसम्म आयोगले केही गर्न नसक्ने भएकाले सत्य निरूपण तथा मेलमिलाप आयोगलाई देखाएर कानुनी कारबाहीबाट बच्न खोज्नु अनि गणतन्त्रकै भविष्य अन्योल देख्नु कतै दाहालको दृष्टिदोष त होइन ? अपराधीलाई कानुनी कारबाही गर्दा गणतन्त्र नै धरापमा पर्छ भने त्यस्तो गणतन्त्र कसको लागि र किन आवश्यक ? त्यसको उत्तर दाहालले किन नदिने ?

# नाकाबन्दी खोल्न राजदूत रायलाई दाहालको आग्रह

काठमाडौं/ एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भारतलाई नेपालमाथिको नाकाबन्दी खोल्न पुनः आग्रह गरेका छन् । आफ्नै निवास लाजिम्पाटमा मंगलबार बिहान भेट गर्न आइपुगेका भारतीय राजदूत रणजित रायसँग दाहालले नाकाबन्दी खोल्न आग्रह गरेका हुन् ।

संविधानमा असन्तुष्टि जनाइरहेका समुदायको माग सम्बोधन गर्न जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण र समानुपातिक समावेशिताको विषयलाई संविधान संशोधन गरी समाविष्टसमेत गरिसकेको सन्दर्भ उल्लेख गर्दै प्रचण्डले नाकाबन्दी खोल्न आग्रह गरेको उनको निजी सचिवालयले जनाएको छ । प्रचण्डले आन्दोलनरत मधेसी दलहरूको मागकै आधारमा प्रमुख राजनीतिक दलहरूले सीमांकन विवाद मिलाउन राजनीतिक संयन्त्र बनाउने प्रयास गरिरहेको र त्यसले निष्कर्ष पाउँदै गरेको जनाएका थिए ।

राजदूत रायले भने मधेसी मोर्चासँग दलहरूले पुनः थालेको संवाद प्रक्रिया र भइरहेको प्रगतिका विषयमा जिज्ञासा राखेका थिए । रायले दलहरूको संवादले निकास पाएसँगै समस्या समाधान हुँदै जाने बताएको प्रचण्डको सचिवालयले जानकारी दिएको छ ।

# क्यान इन्फोटेक सकियो

काठमाडौं । काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन भएको सूचना प्रविधि बृहत् मेला 'क्यान इन्फोटेक' बुधबार सकिएको छ । १५ माघदेखि सुरू भएको 'सुबिसु क्यान इन्फोटेक–२०१६ मा अवलोकनकर्ताको उत्साहप्रद सहभागिता रहेको आयोजक कम्प्युटर एसोसिएसन महासंघ नेपाल (क्यान महासंघ) अध्यक्ष विनोद ढकालले जानकारी दिए ।

प्रदर्शनी ३ लाख ६३ हजार ४ सय ५६ जनाले अवलोकन गरेका छन् । अन्तिम दिन बुधबार ५२ हजार ४ सय ११ जनाले इन्फोटेक अवलोकन गरेका थिए । 'भूकम्प र मुलुकमा संक्रमणकालीन अवस्था रहे पनि यो वर्षको क्यान इन्फोटेक विगतभन्दा बढी सफल भएको छ,' उनले भने, 'सर्वसाधारणको दैनिक जनजीवन प्रभावित भैरहेका वेला इन्फोटेकमा अवलोकनकर्ताको उत्साहजनक सहभागिताले सूचना प्रविधिप्रतिको चासो र जिज्ञासा बढेको देखियो ।'

इन्फोटेक सर्वसाधारणका साथै सेलिब्रेटी, राजनीतिक दलका नेता, नीति निर्मातालगायतले अवलोकन गरेका थिए । यसबाट नेपालीमा सूचना प्रविधिको पहुँच विस्तार र नीतिनिर्माणमा योगदान पुऱ्याउने आशा पलाएको क्यान महासंघका महासचिव विश्वराम बलामीले बताए ।

प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, मुख्यसचिव डा. सोमलाल सुवेदी, कलाकार, विभिन्न राजनीतिक पार्टीका नेतालगायतले इन्फोटेक अवलोकन गरेको उनले जानकारी दिए ।

ई–नेपाल निर्माणलाई लक्षित गरी स्मार्ट टेक्नोलोजी र डिजिटालाइजेसनलाई प्राथमिकतामा राखेर आयोजना गरिएको प्रदर्शनीमा १ सय १२ कम्पनीका १ सय ८८ स्टलले सहभागिता जनाएका थिए । इन्फोटेककै अवसरमा नेपाल रेडक्रस सोसाइटी सीतापाइला र गोदावरी जेसिजले संयुक्त रूपमा आयोजना गरेको रक्तदान कार्यक्रममा ५ सय १५ पिन्ट रगत संकलन भएको छ ।

# नक्कली डाक्टर सुहाना जेल चलान

काठमाडौं । आफूलाई डा. सुहाना केसीका रूपमा चिनाएर ठगी गरेको आरोपमा पक्राउ परेकी भगवती केसी जेल चलान भएकी छन् । ठगी मुद्दामा अदालतले मागेको ६५ हजार धरौटी तिर्न नसकेपछि उनी जेल चलान भएकी हुन् ।

आफू चिकित्सक भएको भन्दै उनले विभिन्न व्यक्तिसँग नजिकिएर ठगी गर्दै आएकी थिइन् । ठगिनेमा धेरैजसो चिकित्सक छन् । अस्पतालमा एप्रोन लगाएर बस्ने र विभिन्न व्यक्तिलाई भेट्न बोलाएर उनले ठगी गर्ने गरेकी थिइन् । गत महिना एक युवकसँग प्रेमको नाटक गरी भारत गएर युवकका परिवारसँग पैसा मागेपछि महानगरीय अपराध महाशाखाले भारतबाटै उनलाई पक्राउ गरेको थियो । कफी पसलदेखि शिक्षण अस्पतालका चिकित्सकले समेत उनीविरूद्ध जाहेरी दिएका थिए । तर, ठूलो रकम भने उनले ठगेकी थिइनन् ।

होटेलमा आफू डिआइजीकी छोरी हुँ भन्दै धम्क्याएर पैसा नतिरेकोसमेत उजुरी परेको थियो । गत १९ पुसमा प्रहरीले उनलाई पक्राउ गरी ठगी मुद्दा दायर गरेकोमा अदालतले ६५ हजार रूपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो । धरौटी तिर्न नसकेपछि उनलाई जेल पठाइएको काठमाडौं परिसरका प्रवक्ता एसपी विश्वराज पोखरेलले बताए ।




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार